# स्वच्छ पुर्पक्षका

## मूलभूत मापदण्डसम्बन्धी मार्गदर्शन

*राष्ट्रिय तथा अन्तर्राष्ट्रिय*
*कानुनी प्रावधानको संक्षिप्त विवेचना*

कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)

| | | |
|---|---|---|
| **कृति** | : | स्वच्छ पुर्पक्षका मूलभूत मापदण्ड |
| **संस्करण** | : | २०६१ माघ (१००० प्रति) |
| **सर्वाधिकार** | : | सेलर्डमा सुरक्षित |
| **सुपरिवेक्षण** | : | युवराज संग्रौला |
| **सम्पादन** | : | रवीन्द्र भट्टराई |
| **लेखन** | : | कृष्णप्रसाद शर्मा, केदारप्रसाद दाहाल<br>पूर्णप्रसाद बाँस्तोला, रवीन्द्र भट्टराई |
| **लेखा व्यवस्थापन** | : | राजन कुमार के.सी., जय विष्ट |
| **रूपाङ्कन** | : | महेश्वर फुयाल |
| **कलासंयोजन** | : | राजेश मानन्धर |
| **अनुसन्धानसहयोग** | : | काठमाडौँ स्कुल अफ ल<br>दधिकोट, भक्तपुर, फोन : ६६३४४५५, ६६३४६६३<br>Email:ksol@wlink.com.np |
| **प्रकाशक** | : | कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)<br>शान्तिनगर, काठमाडौँ, फोन: २०४२२६८<br>Email: celrrd@wlink.com.np |
| **सहयोग** | : | दि एसिया फाउन्डेसन<br>बालुवाटार, काठमाडौँ, नेपाल |
| **आइएसबीएन** | : | 99946-33-94-5 |
| **मुद्रक** | : | नेबुला प्रिन्टिर्स, काठमाडौं, नेपाल |


# प्राक्कथन

स्वच्छ पुर्पक्ष अर्थात् 'फेयर ट्रायल' आधुनिक न्यायप्रणालीको आत्मा मानिन्छ । फौजदारी न्यायप्रणाली न्यायव्यवस्थाभित्रको एउटा विशिष्ट र फराकिलो शाखा हो । फौजदारी न्यायका लागि त स्वच्छ पुर्पक्षको अवधारणा अपरिहार्य कुरा हो किनभने यसले फौजदारी न्यायप्रशासनका हरेक पाइलामा प्राणवायुका रूपमा काम गरिरहेको हुन्छ । न्यायको लक्ष्य सत्यको उद्घाटनमार्फत् समाजमा शान्ति स्थापना गर्नु हो । यसैका लागि विधिको शासन, सुशासन र मानवअधिकार तथा समाजप्रतिका कर्तव्यहरूका मानक सिद्धान्तहरू विकास भएका छन् ।

जहाँ स्वच्छ पुर्पक्षको अवधारणा, मूल्यमान्यता, सिद्धान्त र मापदण्डहरूलाई उपेक्षा गरेर फौजदारी न्यायप्रणाली अगाडि बढाइएको हुन्छ, त्यहाँ अशान्ति, राज्यप्रति अविश्वास र अराजकताको मात्रा बढी हुन्छ । राज्यको फौजदारी नीति गतिलो भएन भने फौजदारी न्यायव्यवस्थाप्रति जनआस्था खस्कँदै जान्छ । अनि, समाजमा हुने आपराधिक गतिविधिलाई काबुमा राख्न सरकार र सुरक्षाव्यवस्था असफल हुन्छ । फलतः यसले राज्यको गतिलाई नै असफलताको बिन्दुतिर धकेल्न थाल्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ मा फौजदारी न्यायसम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थान दिए पनि विगतका १४ वर्षमा नेपालको स्पष्ट फौजदारी नीति तय हुन सकेन । यस अवधिमा नेपालको फौजदारी न्यायप्रणाली परम्परा र नयाँ अवधारणाको दोसाँधमा बसेर 'न हाँसको चाल न कुखुराको चाल'ले चलिरह्यो । परिणामस्वरूप फौजदारी न्यायप्रणालीले मानवअधिकारको उल्लङ्घन र अपमान गर्ने संयन्त्रका रूपमा यसबीचमा आलोचित भइराख्नुपर्‍यो ।

नेपालले स्वच्छ पुर्पक्षको आधारभूत मान्यता बोकेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको सम्मिलन गरेको अवधि पनि संविधानको आगमनको हाराहारीमै हो । यसबाट नेपालले मानवअधिकारको अन्तर्राष्ट्रिय दायित्व त स्वीकार गऱ्यो तर त्यस दायित्वलाई व्यवहारमा उतार्नका लागि गर्नुपर्ने प्रयास भने भनेजति गर्न सकेन । यसैले मानवअधिकारका अन्तर्राष्ट्रिय अध्यालेखहरूमा घोषित र व्यवस्थित स्वच्छ पुर्पक्षका मापदण्डहरूको कार्यान्वयनसँग नेपाली जनताले यस अवधिमा राम्ररी साक्षात्कार गर्न पाएनन् ।

कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)ले स्थापनाकालदेखि नै नेपालको न्यायप्रणालीलाई मानवअधिकारको संरक्षणकारी बनाउने दिशामा यथाशक्य सहयोग पुऱ्याउँदै आएको छ । यस सन्दर्भमा न्यायप्रणालीका कमजोरीको पहिचानका लागि अनुसन्धानात्मक कार्यदेखि न्यायप्रणालीका विभिन्न तहमा कार्यरत जनशक्तिलाई सहयोगी सामग्री र तालिमप्रशिक्षणजस्ता सहयोगी क्रियाकलाप यसले गर्दै आएको छ ।

यसै सिलसिलामा स्वच्छ पुर्पक्षको अन्तर्राष्ट्रिय मापदण्डसँग बेमेल रहेका विद्यमान ऐनहरूको पहिचान गर्ने र राष्ट्रिय मानवअधिकार आयोगको स्वच्छ पुर्पक्षका अधिकारको प्रचलनसम्बन्धी अनुसन्धानकारी भूमिकाको बारेमा अध्ययन गर्ने काम केन्द्रले गत वर्षदेखि दि एसिया फाउन्डेसनको सहयोगमा सुरू गरेको छ । स्वच्छ पुर्पक्षको अवधारणाका बारेमा जानकारी अभिवृद्धि गराउने पनि त्यसको अभिन्न अङ्ग मानिएको छ ।

कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र फौजदारी न्यायमा कार्यरत सबै स्तरका र सबै निकायका जनशक्तिले स्वच्छ पुर्पक्षका आधारभूत मापदण्ड र मान्यताहरूको जानकारी राख्नुपर्छ र आफ्नो काम त्यसैका केन्द्रीयतामा सम्पादन गर्नुपर्छ भन्ने मान्यता राख्दछ । यसका लागि फौजदारी न्यायका सम्बद्ध सबै निकायको साझा दृष्टिकोणका लागि तालिम र अन्तरक्रियाको आवश्यकता देख्दछ । यसैले दि एसिया फाउन्डेसनको सहयोगको उल्लिखित स्वच्छ पुर्पक्षसम्बन्धी परियोजनाभित्र स्वच्छ पुर्पक्षको स्रोतसामग्री विकास गर्ने र प्रशिक्षण र अन्तर्क्रियाका लागि सहयोगी सामग्री विकास गर्ने क्रममा यो पुस्तिका तयार पारिएको हो ।

फौजदारी न्यायका विभिन्न निकायबाट सम्पादन गरिने स्वच्छ पुर्पक्षको प्रक्रिया मानवअधिकारको महत्त्वपूर्ण विषय हो । यसैले यो राष्ट्रिय मानवअधिकार आयोगले अनुगमन गर्नुपर्ने कुरा पनि हो । राष्ट्रिय मानवअधिकार आयोगलाई पनि यस पाटोमा अनुगमन गर्न सहायक हुने एकीकृत सामग्रीको अभाव छ । आयोगलाई न्यायव्यवस्थाको अनुगमन गर्ने र सुधारका लागि सुझाउ दिने काममा मद्दत पुगोस् भन्ने ध्येयले पनि यो मार्गदर्शन तयार गरिएको छ । यसर्थ आयोगलाई अनुगमन कार्य अगाडि बढाउन पन यसले सघाउ पुऱ्याउने हामीले ठानेका छौँ ।

यसरी खास प्रयोजनका लागि तयार पारिएको भए पनि यसमा स्वच्छ पुर्पक्षका सर्वमान्य सिद्धान्त, मानवअधिकारका अन्तर्राष्ट्रिय कानुनी प्रावधान तथा राष्ट्रिय कानुनी व्यवस्थाको चर्चा गरिएकाले यो फौजदारी न्यायका फाँटमा कार्यरत जनशक्तिले यसबाट दीर्घकालीन लाभ र उपयोगिता लिन सक्ने हामीले ठानेका छौँ ।

यो पुस्तिका तयार गर्ने क्रममा यसको पाठ लेखनमा सक्रिय रहने सर्वश्री कृष्णप्रसाद शर्मा, केदारप्रसाद दाहाल र पूर्णप्रसाद बाँस्तोलालाई उहाँहरूको मेहनतका लागि धन्यवाद ज्ञापन गर्दछु । लेखनकै केही र सम्पादनको पूरै जिम्मेवारी बहन गरेर यस पुस्तिकालाई यस रूपमा ल्याउन सहयोग पुऱ्याउने रवीन्द्र भट्टराईलाई विशेष धन्यवाद छ । यस्तै लेखाव्यस्थापन मिलाउने राजन कुमार के.सी. र जय विष्ट अनि यसको रूपाङ्कन गर्ने महेश्वर फुँयाल र कलाको संयोजन गर्ने राजेश मानन्धर पनि धन्यवादका पात्र हुनुहुन्छ । केन्द्रलाई स्वच्छ पुर्पक्षसम्बन्धी सहयोगी कामका लागि

आर्थिक सहायता उपलब्ध गराउने दि एसिया फाउन्डेसन र अनुसन्धानमा सहयोग गर्ने काठमाडौँ स्कुल अफ ललाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

यस पुस्तिकालाई स्वच्छ पुर्पक्षका कामको सिलसिलामा उपयोग गरेर न्यायको लक्ष्यमा योगदान गर्न म यसको प्रयोगकर्ताहरूलाई विशेष आग्रह गर्दछु ।


**युवराज संग्रौला**

संयोजक

कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)


# विषयसूची


**प्राक्कथन**

**१) परिचय ........ १**

**२) फौजदारी न्यायमा स्वच्छ पुर्पक्षको धारणा, अन्तर्राष्ट्रिय मापदण्ड र नेपाल ........ ३**

**३) पुर्पक्षपूर्वका चरणमा लागू हुने मापदण्ड ........ ९**

अ) जथाभावी गिरफ्तारी र थुनाविरूद्ध संरक्षण ........ १०

आ) जथाभावी वा विनावारेन्ट खानतलासीविरूद्धको संरक्षण ........ १९

इ) थुनामा मानवोचित व्यवहार पाउने अधिकार र यातनाविरूद्धको संरक्षण ........ २४

ई) थुनछेकउपर अविलम्ब न्यायिक जाँचको संरक्षण ........ २९

उ) थुनाको वैधताउपर चुनौती गर्ने र गैरकानुनी थुनछेकको प्रतिपूर्ति पाउने अधिकार ........ ३०

ऊ) प्रतिरक्षार्थ कानुनी परामर्श, सहायता, समय र सरसुविधा ३१

ए) थप प्रतिरक्षात्मक संरक्षण ........ ३४

ऐ) जमानत वा धरौटीमा मुक्त हुन पाउने अधिकार ........ ३४

ओ) बाह्य संसारसँगको सम्पर्क तथा निकासको अधिकार ........ ३७

**४) पुर्पक्षका चरणमा लागू हुने मापदण्ड ........ ३९**

अ) कानुन र अदालतका समक्षमा समानता ........ ४१

आ) कानुनद्वारा स्थापित स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायाधिकरणबाट सुनवाइ हुने प्रत्याभूति ........ ४४

इ) अभियोगको पूर्ण विवरण प्राप्त गर्ने अधिकार ........ ४५

ई) खुला सुनवाइको अधिकार ........ ४६

उ) निर्दोषिता अनुमानको अधिकार ........ ४८

ऊ) आत्मअपराधीकरणविरूद्धको संरक्षण ........ ५१
ए) अनुचित ढिलाइविना पुर्पक्षको अधिकार ........ ५४
ऐ) भूतलक्ष्यी कानुनको कार्यान्वयन र कानुननिरपेक्ष अधिक सजायमा निषेध ........ ५६
ओ) कारबाई तथा सजायको पुनरावृत्तिविरूद्धको संरक्षण ........ ५८
औ) उपस्थितिमा पुर्पक्ष गरिने र कानुनव्यवसायीद्वारा पुर्पक्ष हुने अधिकार ........ ५९
अं) साक्षी तथा प्रमाणपरीक्षणको अधिकार ........ ६०
अः) दोभासेको सेवा पाउने अधिकार ........ ६१

**५) पुर्पक्षोत्तर चरणमा लागू हुने मापदण्ड ........ ६३**

अ) **सफाइ पाउनेको स्वच्छ पुर्पक्षको अधिकार** ........ ६५
- गैरकानुनी गिरफ्तारी र थुनछेकको क्षतिपूर्ति ........ ६५
- स्वास्थ्य तथा मनोसामाजिक उपचार र सामाजिक सुरक्षा ........ ६६

आ) **दोष कायम हुनेको अधिकार** ........ ६६
- पुनरावेदन तथा सजायन्यूनीकरणको अधिकार ........ ६७
- मानवोचित र मर्यादायुक्त सुधार तथा पुनःस्थापनाको अधिकार ........ ७२
- न्यायअपयोजनमा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार ........ ७४

**सन्दर्भसूची ........ ७५**

# १

## परिचय

नेपालको फौजदारी न्यायलाई बढीभन्दा बढी मानवअधिकारको संरक्षणकारी बनाउन सम्बद्ध जनशक्तिलाई स्वच्छ पुर्पक्षका मापदण्डका मर्म र लक्ष्यका बारेमा जानकारी आवश्यक छ । यसका लागि सन्दर्भसामग्रीको आवश्यकता छ । यो यससम्बन्धी अध्ययनसामग्री र यस क्षेत्रमा चलाइने तालिम, प्रशिक्षण वा छलफल कार्यक्रमका लागि सहयोगी सामग्री हो ।

यो अपराधअनुसन्धान, अभियोजन, पुर्पक्ष र अभियुक्तको प्रतिरक्षा गर्ने काममा संलग्न हुने जनशक्तिले कार्यान्वयन गर्नुपर्ने स्वच्छ पुर्पक्षका मापदण्डको चिनारी दिने पुस्तिका हो । यसमा नेपाल पक्ष रहेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र महासन्धिहरूमा समेटिएका स्वच्छ पुर्पक्षबारेका मुख्यमुख्य प्रावधान र तिनको अभिप्रायको प्रासङ्गिक चर्चालाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ। यो पुस्तिका स्वच्छ पुर्पक्षका लागि फौजदारी न्यायप्रणालीको दायराभित्र लागू हुने सारवान तथा प्रक्रियागत संरक्षणबारे सामान्य जानकारी गराउने सामग्री हो । यसमा अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डका आधारमा नेपाल कानुनअन्तर्गत रहेका स्वच्छ पुर्पक्षबारेका कानुनी व्यवस्थाहरूको सन्दर्भको पनि आवश्यकताअनुसार छोटो रूपमा चर्चा गरिएको छ। मूलतः यस सामग्रीले गिरफ्तारीदेखि जुनसुकै स्वरूपको थुनछेक भए पनि त्यसबाट मुक्त भएर समाजमै फर्कने अवस्थासम्मका संरक्षणकारी व्यवस्थाबारेको वर्णन गरेको छ।

नेपालको आफ्नै ढाँचाको फौजदारी न्यायव्यवस्था छ। फौजदारी न्यायमा अभियुक्तका हकका बारेमा संवैधानिक तथा कानुनी व्यवस्था पनि छन्। तथापि ती व्यवस्थाहरू एकीकृत नरही छरपस्ट अवस्थामा छन् । स्वच्छ पुर्पक्षको प्रत्याभूतिका लागि परिसूचकसहितका कानुनी प्रावधानको संहिताबद्ध विकास हालसम्म नेपालमा हुन सकेको छैन। कतिपय अन्तर्राष्ट्रिय मान्यताहरूलाई नेपालले अङ्गवरण(इन्कर्पोरेसन) गर्न सकेको छैन। यसैले अपराधको अनुसन्धानकर्तादेखि अभियुक्तका प्रतिरक्षा गर्ने कानुनव्यवसायी सम्मका फौजदारी न्यायका एजेन्सीहरू र तिनमा काम गर्ने अधिकारीहरूमा स्वच्छ पुर्पक्षका मापदण्डका बारेमा छरितो गरी जानकारी दिने सामग्री पनि उपलब्ध छैन।

नेपालको फौजदारी न्यायलाई बढीभन्दा बढी मानवअधिकारको संरक्षणकारी बनाउन सम्बद्ध जनशक्तिलाई स्वच्छ पुर्पक्षका मापदण्डका मर्म र लक्ष्यका बारेमा जानकारी आवश्यक छ। यसका लागि सन्दर्भसामग्रीको आवश्यकता छ। यसैले यससम्बन्धी अध्ययन सामग्री र यस क्षेत्रमा चलाइने तालिम, प्रशिक्षण वा छलफल कार्यक्रमका लागि सहयोगी सामग्री उपलब्ध गराउने उद्देश्यले यो पुस्तिका तयार गरिएको हो।

नेपालले अनुमोदन वा सम्मिलन गरेका मानवअधिकारसम्बन्धी अनुबन्ध र महासन्धिका व्यवस्था तिनसँग सम्बन्धित अन्य अध्यालेखहरूमा भएका व्यवस्था र नेपाल कानुनमा रहेका स्वच्छ पुर्पक्षसम्बन्धी मुख्यमुख्य प्रावधानका आधारमा यो पुस्तिका तयार गरिएको हो। मानवअधिकार तथा फौजदारी न्यायको क्षेत्रमा अध्ययन र अनुभव गरेका जनशक्तिको सामूहिक प्रयासमा यो सामग्री तयार पारिएको हो । फौजदारी न्यायका मान्य सिद्धान्त, मानवअधिकार कानुन र विधिको शासनका आधारभूत मान्यताहरूबाट यो पुस्तिका निर्देशित छ।





# २

# फौजदारी न्यायमा स्वच्छ पुर्पक्षको धारणा, अन्तर्राष्ट्रिय मापदण्ड र नेपाल

सामान्य अवस्था होस् कि सार्वजनिक सङ्कटको अवस्थामा होस्, जुनसुकै परिस्थितिमा साथसाथै अल्पवयस्कको न्याय वा सैनिक अदालत, विभागीय वा विशेष अदालतजस्ता जुनसुकै प्रकृतिको अधिकारक्षेत्रअन्तर्गत यी मापदण्डहरु लागू हुन्छन् । यी सबै क्षेत्रमा स्वच्छ पुर्पक्षका अधिकारको सम्मान र संरक्षण हुनु विधिको शासनमा अनिवार्य सर्त हो ।

स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई विश्वभरमै फौजदारी न्यायप्रणालीको उपयुक्तता जाँच गर्ने कसीका रूपमा लिइने गरेको छ । अवधारणा, परम्परा र सांस्कृतिक अभ्यासको विविधताले गर्दा भिन्नभिन्न देशमा फौजदारी न्यायका ढाँचा पनि भिन्नभिन्न छन्; तथापि, सबै एकै लक्ष्यका लागि क्रियाशील छन् । सबैको लक्ष्यचाहिँ हुन सक्नेसम्म जीवन र मर्यादाको अधिकतम संरक्षण गरी समाजमा निर्भय स्थिरताको माध्यमद्वारा न्याय सुनिश्चित पार्ने नै हो । स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई विश्वव्यापी रूपमा मान्यता दिइएको छ र यिनलाई सारमा सर्वव्यापक र ढाँचामा सापेक्ष मानिएको छ ।

"नीतिनिर्माण, कार्यान्वयनसंयन्त्र र उचित दण्डनीतिसाथको अनुसन्धान, अभियोजन र न्यायनिरूपण प्रणालीले हरेक मुलुकको फौजदारी न्यायप्रणाली तय गर्दछ" (सेलर्ड, २००२: २८) । फौजदारी न्यायप्रणालीको औचित्य स्वच्छताको विधिसम्मत आधिकारिकता, उपयुक्तता र कानुनको शासनसँगको सङ्गतिमा रहन्छ । यी अपरिहार्य कुरा सबैको पालना हुनै पर्छ । स्वच्छ पुर्पक्षका मापदण्डहरूको सही अनुसरणले सुनिश्चित न्यायसाथको शान्तिमा समाजका हरेक सदस्यको मानवअधिकारको आदर, संरक्षण र व्यवधानरहित उपभोगतर्फ डोऱ्याउँछ ।

अपराधपीडितहरू, खास गरी लाभवञ्चित, र साक्षीहरूको संरक्षणको सवाल फौजदारी न्यायको आधारभूत पक्ष हो । स्वच्छ पुर्पक्षका मापदण्डलाई फौजदारी न्यायप्रणालीलाई सही तरिकाले अगि बढाउने कुरा निश्चित गर्नमा सार्थक साधन मानिन्छन् । यी मापदण्डअनुकूल चल्ने फौजदारी न्यायप्रणाली पीडितलाई पुनर्लाभ गराउने र सामुदायमैत्री सुधार र दण्डप्रक्रियाबाट कसुरदारको पुनःस्थापना र पुनःसम्मिलन गराई न्याय गर्न सक्षम हुन्छ ।

संसारभरका हरेक सभ्यतामा हरेक मानिसले मर्यादापूर्वक बाँच्न पाउने अधिकारलाई सर्वव्यापक र सर्वसम्मत मान्यताका रूपमा स्वीकार गरिएको पाइन्छ । बाँच्न पाउने अधिकारभित्र उत्पत्ति,  जातीय उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, भाषा, संस्कृति वा अन्य कुनै हैसियतको विभेद नराखी मानवजीवनलाई सार्थक बनाउन आवश्यक पर्ने अनेक अधिकार समेटिन्छन् । मानवसभ्यताका लागि अपरिहार्य खाँचोका रूपमा मानवअधिकार कानुनको विकास भइआएको छ । मानवअधिकार न्यायको सारतत्व भएकाले कुनै पनि सभ्य सत्ता, संस्था वा व्यक्तिले यसलाई इन्कार गर्न  सक्दैन ।

मानवअधिकारका अनेक सवालमध्ये स्वच्छ पुर्पक्षको अधिकार एक अति जरुर सरोकारको विषय हो । "स्वच्छ पुर्पक्षको अधिकार व्यक्तिका बाँच्न पाउने र स्वतन्त्रताका अधिकार सर्वाधिक महत्वका मानिने आधारभूत मानवअधिकार



तथा स्वतन्त्रताको गैरकानुनी तथा जथाभावी कटौति र वञ्चनाविरुद्ध हरेक व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मान्य स्तर हो" (एलसीएच्आर, २०००) । फौजदारी कारबाईको प्रक्रियामा स्वच्छ पुर्पक्षको अधिकारको अक्षरशः पालना भएन भने मानवअधिकार र कानुनको शासन भन्ने कुरा नै निरर्थक हुन पुग्छन् ।

स्वच्छ पुर्पक्षलाई राज्यको सक्षम न्यायिक अङ्गबाट तटस्थतापूर्वक गरिने न्यायसम्पादनका रूपमा बुझिन्छ । "कानुनको नियमित प्रक्रियाअनुसार निष्पक्ष र निराकाङक्ष न्यायाधिकरणद्वारा, खास गरी फौजदारी पुर्पक्ष जसमा प्रतिवादीका संवैधानिक तथा कानुनी अधिकारको सम्मान हुने पुर्पक्ष"(गार्नर, १९९९) जस्तो स्वच्छ पुर्पक्षको परिभाषाले फौजदारी मुद्दाहरूमा यो कडाइपूर्वक लागू हुने कुरा औँल्याउँछ । "स्वच्छ पुर्पक्षको शब्दावलीले अनुसन्धानदेखि अभियुक्तलाई सजाय गर्ने अन्तिम चरणसम्मका फौजदारी न्यायका सबै प्रक्रिया समेट्छ"( सङ्ग्रौला, २००३: १) ।

स्वच्छ पुर्पक्ष सार्वजनिक निर्भयताका लागि अपराधको अनुसन्धान र सजायको कार्यान्वयनको वैज्ञानिक संयन्त्रलाई सुनिश्चित पार्ने कुरा हो । "न्यायको प्रणालीको अर्थ सामान्यतया न्यायिक निर्णयनप्रक्रियाको वैज्ञानिक [विधि] हो" (सङ्ग्रौला, २००३: १) । अतः स्वच्छ पुर्पक्षको धारणाले अनुसन्धान, अभियोजन, निरूपण र सुधारप्रणालीको व्यवस्थापनमा संलग्न सबै निकायको कामगराइमा सचेष्ट  र वैज्ञानिक पद्धति अत्यावश्यक ठान्छ ।

> फौजदारी प्रकृतिका कानुनको कार्यान्वयनअन्तर्गत अधिकार र कर्तव्यको निराकरणमा स्वच्छ पुर्पक्षको मापदण्ड सारपूर्ण र इन्कार गर्न नमिल्ने सर्तका रूपमा रहेको छ । परिस्थिति, अपराधको प्रकृति वा गम्भीरताका आधारमा तिनलाई पन्साउने निहुँ निकाल्न पाइन्न । यसैले कार्यसम्पादन गर्ने निकाय र ढाँचाहरूप्रति कुनै पर्वाह नगरीकन यिनको कार्यान्वयन अपरिहार्य छ ।

सामान्य अवस्था होस् कि सार्वजनिक सङ्कटको अवस्थामा होस्, जुनसुकै परिस्थितिमा साथसाथै अल्पवयस्कको न्याय वा सैनिक अदालत, विभागीय वा विशेष अदालतजस्ता जुनसुकै प्रकृतिको अधिकारक्षेत्रअन्तर्गत यी मापदण्डहरू लागू हुन्छन् । यी सबै क्षेत्रमा स्वच्छ पुर्पक्षका अधिकारको सम्मान र संरक्षण

हुनु विधिको शासनमा अनिवार्य सर्त हो। यिनको तिरस्कार र अवहेलना गर्ने पद्धति र व्यवहारले असभ्य, बर्बर र स्वेच्छाचारी शासनप्रणालीको परिचय दिन्छ।

एम्नेस्टी इन्टरनेसनलले स्वच्छ पुर्पक्षका मापदण्डहरूलाई आफ्नो स्वच्छ पुर्पक्षसम्बन्धी मार्गदर्शन पुस्तिकामा अआस्थगनीय (नन्डेरोगेबल) अधिकारको रूपमा लिएको छ। आइसीसीपिआरअन्तरगतको मानवअधिकार समितिको हालैको टिप्पणीलाई उद्धृत गर्दै यसले "मानव अधिकार समितिले आइसीसीपिआर अन्तरगत स्वच्छ पुर्पछका प्रावधान अआस्थगनीय (नन्डेरोगेबल) मानेको छ" (एआई, १९९८: १६०)।

> सभ्य आचरणयुक्त सुशासनको खाँचोलाई ख्याल गरेर राष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदायले स्वच्छ पुर्पक्षको अधिकारलाई अआस्थगनीय अधिकारको रूपमा सम्मान र कार्यान्वयन गर्नमा असहमति जनाएका छैनन्। त्यसैले विशेष परिस्थिति छ वा स्रोतसाधनको अभाव छ भनेर यस्ता अधिकारको उल्लङ्घन, आस्थगन वा निलम्बन क्षम्य हुँदैन।

मानवअधिकारका अन्तर्राष्ट्रिय अध्यालेखहरूको विकास र कार्यान्वयन संयुक्त राष्ट्रसङ्घको स्थापनापछि यसका प्रमुख प्रयासमध्येको एक कार्य रहिआएको छ।

> "अन्तर्राष्ट्रिय अध्यालेख दुई प्रकारका छन्। घोषणपत्र र अन्य अनुनयात्मक अध्यालेख कुनै न कुनै रूपमा प्रतिज्ञात्मकै भए पनि तिनले मुख्यतया मापदण्ड र मार्गदर्शनको कार्य गर्दछन्। हुन त बहुपक्षीय सन्धि-महासन्धिको कुनै धारामा अपवादसर्त राखेर पनि राष्ट्रहरूले हस्ताक्षर गर्न सक्दछन्, तापनि बहुपक्षीय महासन्धिहरू मुख्यतया तिनको अनुमोदन वा सम्मिलन गर्ने राज्यको हकमा बन्धनकारी हुन्छन्" (भट्टराई, २००१: १९)।



स्वच्छ पुर्पक्षका अधिकार र मापदण्डहरू अन्तर्राष्ट्रिय अध्यालेखहरूमा छुट्टै फाँट बनाएर सूचीबद्ध गरिएका छैनन्। दुवै खालका अध्यालेखहरूमा यी अधिकार र मापदण्डहरूको केन्द्रीयता फेला पर्छ र मानवअधिकारको विश्वव्यापी घोषणापत्र; नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक प्रोटोकलचाहिँ स्वच्छ पुर्पक्षको मापदण्डहरू निश्चय गर्ने अन्तर्राष्ट्रिय मूल विधिविधान हुन्। अरू अध्यालेखहरूले राज्यका विभिन्न निकायमा काम गर्ने कार्याधिकारीहरूलाई तिनका कार्यक्षेत्र र अधिकारक्षेत्रमा हरेक व्यक्तिका स्वच्छ पुर्पक्षका अधिकारहरूको संरक्षण गर्नमा मान्य स्तर र मार्गदर्शन उपलब्ध गराउँछन्।

फौजदारी न्यायप्रणालीले मानिसको स्वतन्त्रताको वञ्चनालाई सोझै सङ्केत गर्दछ। समाजमा स्वतन्त्रता उपभोग गरिरहेको मानिसलाई फौजदारी न्यायका दायरामा ल्याइएपछि पुनः समाजमै पूर्ववत् रूपमा नफर्कउन्जेलसम्म राज्यले दिनुपर्ने संरक्षणहरू नै वास्तवमा स्वच्छ पुर्पक्षका आधारभूत र मान्य स्तर हुन्। अपराधीलाई मानवजीवन र मर्यादाको संरक्षणसहितको व्यवहारबाट समाजप्रति पुनः उत्तरदायी सदस्यका रूपमा स्थापना गर्नका लागि स्वच्छ पुर्पक्षका मापदण्डको प्रभावकारी कार्यान्वयनको भूमिका हुन्छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले "हरेक नागरिकका मूलभूत मानवअधिकारहरूको प्रत्याभूति"(काकिव्यस, २०४७ : १) प्रतिको सम्मान खुलस्त रूपमा प्रकट गरेको छ र यसलाई संविधानका केन्द्रीय उद्देश्यमध्येको एक मानेको छ। संविधानका धारा ११, १२ र १४ ले मौलिक हकको स्थापनामार्फत स्वच्छ पुर्पक्षको अधिकारका निमित्त धरातल बनाइदिएका छन्। धारा ८४ र ८५ ले सक्षम, स्वतन्त्र तथा तटस्थ न्यायाधिकरण तथा अदालतहरूको सारपूर्ण अस्तित्वको मान्यता अँगालेका छन्।

न्यायको सम्पादनका क्रममा मुलुकमा अदालत तथा न्यायिक निकायले न्यायिक अधिकारको प्रयोग गर्दा "संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्त" (काकिव्यस, २०४७ : ४३) को अवलम्बन गर्नुपर्ने व्यवस्थाले स्वच्छ पुर्पक्षका मापदण्डहरू न्यायका मान्य सिद्धान्तभित्र समेटिएर आउने दर्साउँछ। संविधानबाहेकका अन्य कानुनको कुरा गर्दा न्यायका सिद्धान्त र कानुनी व्यवस्थालाई समेट्ने कानुनमा मूलतः मुलुकी ऐन २०२० र सरकारी मुद्दासम्बन्धी ऐन २०४९ पर्दछन्।

नेपालले न्यायका सिद्धान्तसम्बन्धी व्यवस्था गरिएका मानवअधिकारका अनेक अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन वा तिनमा सम्मिलन गर्ने काम गरेको छ। यस्ता सन्धिमध्ये नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धलाई नेपालले १४ मे १९९१ मा सम्मिलन गरेको छ। यो अनुबन्धमा न्यायप्रशासनमा मानवअधिकारको संरक्षणका लागि अनेक सिद्धान्तमूलक प्रावधान रहेका छन्।

यस्तो अन्तर्राष्ट्रिय कानुन वा अनुबन्ध नेपालको लागि बन्धनकारी रहन्छ। नेपाल सन्धि ऐन २०४७ को दफा ९ (१) ले नेपाल कानुन यस्तो अन्तर्राष्ट्रिय सन्धिको प्रावधानसँग बाझेको अवस्थामा बाझिएको हदसम्मलाई सन्धिको व्यवस्था मान्य हुने र नेपाल कानुन अमान्य हुने व्यवस्था गरेको छ। यस्तो मामिलामा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुने कुरा पनि सन्धि ऐनले गरेको छ (काकिव्यस, २०५३ : २०६)।

माथिको चर्चाबाट संविधान र अन्य नेपाल कानुनमा समेटिएका अतिरिक्त यस्ता अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा रहेका स्वच्छ पुर्पक्षका मापदण्डकारी प्रावधानहरू स्वतः राष्ट्रिय कानुनसरह प्रभावकारी हुने स्पष्ट हुन्छ।





# ३

## पुर्पक्षपूर्वका चरणमा लागू हुने मापदण्ड

पुर्पक्षपूर्वको चरणमा शङ्कित वा अभियुक्तको स्वतन्त्रतालाई अपराधको अनुसन्धान गर्ने अधिकारीले हरण गर्न सक्छन् तर यस्तो निलम्बन गर्ने कार्य कानुनसङ्गत, उचित र पारदर्शी हुनुपर्छ। कानुनले तोकेको सीमामा रहेर मात्र कसुरको आरोपमा मानिसलाई पक्राउ गर्न सकिन्छ, कसुर गर्दैमा मानिस व्यक्तिको अस्तित्वहीन बन्दैन र उसका सबै मानवअधिकार खोसिन सक्दैनन्।

कानुनी राज्यमा कानुनको सर्वोपरिता हुन्छ र कानुनले गर्न नहुने भनी निषेध गरेका कार्य कसैले नगरोस् भन्ने अपेक्षा गरिन्छ । यसो भए पनि कानुनले निषेध गरिएका क्रियाकलाप समाजमा भइहाल्छ । यसैले फौजदारी कानुनको उल्लङ्घनकर्तालाई राज्यले सो उल्लङ्घनवापत दायित्व बहन गराउनै पर्छ । यसैका लागि फौजदारी न्यायप्रक्रिया क्रियाशील हुन्छ । पुर्पक्षपूर्वको चरण फौजदारी न्यायप्रक्रियाको प्रारम्भिक चरण हो । फौजदारी कसुरको आरोपमा कुनै मानिसलाई फौजदारी न्यायप्रक्रियामा भित्र्याउने पहिलो काम नै गिरफ्तारी र थुनछेक हो । त्यसैले थुनछेकदेखि पुर्पक्ष वा सुनवाइको चरणमा नपुग्दासम्मको अवस्थालाई हामी पुर्पक्षपूर्वको चरणका रूपमा बुझ्छौँ ।

पुर्पक्षपूर्वको चरणमा हुने स्वतन्त्रताको वञ्चना अत्यन्त जोखिमपूर्ण कार्य हो किनभने यो चरणमा शङ्कित वा अभियुक्तको हकअधिकार र अवस्था पूरै निर्दोष मानिसको हैसियतको मान्नुपर्ने हुन्छ । यता पक्राउ र थुनछेकबाट उसको स्वतन्त्रता भने राज्यले हरण गरेको हुन्छ । थुनछेक गर्ने कार्यले मानिसको स्वतन्त्रतासँगै उसको जीवनको अमूल्य समय पनि हरण हुने हुनाले पुर्पक्षपूर्वको चरणमा उसका स्वतन्त्रताको अधिकारबाहेकका जीवन, मर्यादा र समानतासम्बन्धी आधारभूत मानवअधिकारको सचेततापूर्वक कदर र संरक्षण गरिनुपर्छ भन्ने सिद्धान्त स्थापित छ ।

पुर्पक्षपूर्वको चरणमा शङ्कित वा अभियुक्तको स्वतन्त्रतालाई अपराधको अनुसन्धान गर्ने अधिकारीले हरण गर्न सक्छन् तर यस्तो हरण गर्ने कार्य कानुनसङ्गत, उचित र पारदर्शी हुनुपर्छ । कानुनले तोकेको सीमामा रहेर मात्र कसुरको आरोपमा मानिसलाई पक्राउ गर्न सकिन्छ, कसुर गर्दैमा मानिस व्यक्तिको अस्तित्वहीन बन्दैन र उसका सबै मानवअधिकार खोसिन सक्दैनन् । यसैले यस चरणमा अभियुक्तका अधिकारको संरक्षण गर्ने गराउने गरी स्वच्छ पुर्पक्षका मापदण्डहरू स्वीकार गरिएका छन् । पुर्पक्षपूर्वको चरणमा लागू हुने प्रमुख मापदण्डलाई यसपछि छोटकरीमा चर्चा गरिएको छ :

## (अ) जथाभावी गिरफ्तारी र थुनाविरुद्ध संरक्षण

अपराध गरेको अनुमान वा आशङ्का गरेर शङ्कित व्यक्तिलाई गिरफ्तार गरेर थुनामा लिने कार्यले उसलाई स्वतन्त्रताबाट वञ्चित गराउँछ । शङ्कित व्यक्ति निर्दोष वा दोषी जे पनि हुन सक्छ । फौजदारी कानुनको मूल मान्यता १० अपराधी छुटून् तर एक निर्दोष नफसोस् भन्ने रहेको छ । यसैले कसुर गरेको आरोपमा अभियुक्त वा शङ्कित व्यक्तिलाई पक्राउ गर्ने काम दोषी साबित हुनका



लागि चाहिने गहन भौतिक सबुत प्रमाणको सङ्कलनभन्दा पछिल्लो प्राथमिकताको विषय मानिन्छ ।

“कानुन कार्यान्वयन गर्ने अधिकारीले सबै समयमा पेसालाई अवश्यक पर्ने उत्तरदायित्वको उच्च तहसँग अनुकूल हुने गरी समुदायको सेवा गर्दै र अकानुनी क्रियाकलापबाट सबै व्यक्तिलाई जोगाउँदै आफूलाई कानुनले सुम्पेको






कर्तव्य पूरा" (अजर, २०६१ : १३५) गर्नुपर्ने भएकाले गिरफ्तारी र थुनछेक गर्दा कानुनको सीमालाई अत्यधिक सतर्कतासाथ पालना गर्नुपर्छ । यसैले मानिसको स्वतन्त्रताको हरण गर्ने कुरालाई अत्यन्त गहन विषय मान्न जरुरी हुन्छ ।

शङ्कित वा अभियुक्तलाई पक्राउ गर्नु र थुनामा राख्नुपर्ने औचित्य कानुनी रूपमा सिद्ध गरेर न्यायिक अधिकारीका आदेशबाट मात्र गिरफ्तारी र थुनछेक गर्ने कुरालाई नियमित गरिनु स्वतन्त्रता हरण गर्ने सिद्धान्तको एउटा गहन आदर्श हो । तर व्यवहारमा यो सधैँ सम्भव नहुने अवस्था आइपर्छन् । यसो भए पनि कसैलाई पनि जथाभावी गिरफ्तार गर्ने र थुनछेकमा राख्ने अङ्कुशहीन स्वच्छन्द प्रणालीबाट समाजमा निर्भयता कायम हुन सक्दैन । यसैले स्वच्छ पुर्पक्षअन्तर्गत जथाभावी गिरफ्तारी र थुनछेकविरुद्धको संरक्षणलाई एक महत्त्वपूर्ण मापदण्ड मानिएको छ ।

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ९ ले "कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देशनिकालाको भागीदार बनाइनेछैन" (अजर, २०६१ : ३) भनेर जथाभावी हुने गिरफ्तारी र थुनछेकबाट हुन सक्ने स्वतन्त्राताहरणविरुद्ध संरक्षण प्रदान गरेको छ । यसै गरी **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**को धारा ९ ले जथाभावी गिरफ्तारी र थुनाविरुद्धको अधिकारको निश्चितता प्रदान गरेको छ । जसअनुसार हरेक मानिसको व्यक्तिगत स्वतन्त्रता र व्यक्तिगत जीवनको सुरक्षा अत्यन्त महत्त्वपूर्ण अधिकार हो । यसले के कुराको ग्यारेन्टी गरेको छ भने : "कसैलाई पनि जथाभावी गिरफ्तारी र थुनछेकको भागीदार बनाइनेछैन । कानुनले स्थापना गरेका आधार तथा कार्यविधिबमोजिम बाहेक कसैलाई पनि निजका स्वतन्त्रताबाट वञ्चित गरिनेछैन" (अजर, २०६१ : १८) ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(१) ले "कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुनेछैन" (काकिव्यस, २०४७ : ६) भनेको छ । सर्वोच्च अदालतले ***माया पाठक वि. श्री ५ को सरकार*** को मुद्दामा "विनाकारण कसैलाई पनि गिरफ्तार गर्न नहुने वा थुनामा राख्न नहुने, कानुनबमोजिमको कसुरमा थुनामा राख्दा पनि कानुनसम्मत र कानुनद्वारा निर्धारित कार्यविधि पूरा गरेको हुनुपर्ने" (इन्सेक, १९९६ : ४) भनेको छ । त्यसैगरी ***पुण्यप्रसाद काफ्ले वि. म्याग्दी जिल्लाअदालत*** को मुद्दामा सो अदालतले "कुनै पनि व्यक्तिलाई यो यस अभियोगमा यस कानुनको आधारमा पुर्पक्षको लागि थुनामा राख्नु भन्ने अधिकारप्राप्त निकायबाट स्पष्ट र किटानी आदेशबेगर थुनामा राख्नु कानुनसङ्गत नहुने, विनाआधार थुनामा राख्नु भनी लेखेको पत्र गैरकानुनी" (इन्सेक, १९९५ : ३) हुने प्रस्टयाएको छ ।



यस संरक्षणभित्र गिरफ्तार हुने वा थुनामा लिइएको व्यक्तिको सोसम्बन्धी कारणसहितको जानकारी प्राप्त गर्ने अधिकार समेटिन्छ । कारणसहितको जानकारी निजलाई मात्र दिएर पुग्दैन, निजका हकवाला र कानुनव्यवसायीसम्म विस्तार हुन्छ । यस बारेमा **जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह १९८८** का निम्न व्यवस्थाहरू विचारणीय छन् :

**जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह १९८८**

**सिद्धान्त ४**

जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय र जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गत रहेको व्यक्तिको मानवअधिकारलाई असर पार्ने सबै कामकारबाई न्यायिक वा अन्य अधिकारीको आज्ञाआदेश वा प्रभावकारी नियन्त्रणमा हुनेछन् ।

**सिद्धान्त – १०**

पक्राउ परेको हरेक व्यक्तिलाई पक्राउ गरेकै समयमा पक्राउ गर्नाको कारण खोली जानकारी दिइनेछ र निजविरुद्धको अभियोगको यथाशीघ्र जनाउ दिइनेछ ।

**सिद्धान्त – ११**

१. न्यायिक वा अन्य अधिकारीबाट अविलम्ब सुनुवाइ हुने प्रभावकारी अवसर नदिने गरी कसैलाई पनि थुनामा राखिनेछैन । थुनिएको व्यक्तिलाई कानुनले तोकेअनुसार प्रतिरक्षा गर्ने वा परामर्शदाताहरूको सहयोग पाउने अधिकार हुनेछ ।

२. थुनिएको व्यक्ति वा निजको परामर्शदाता भए परामर्शदाताले समेत कारणसहितको थुनछेकको कुनै पनि आदेशको जनाउ पाउनेछन् ।

**सिद्धान्त - १५**

सिद्धान्त १६ को अनुच्छेद ४, र सिद्धान्त १८ को अनुच्छेद ३ मा राखिएको अपवादसर्तमा जेसुकै लेखिएको भए तापनि थुनिएको वा कैद ठेकिएको व्यक्तिको बाहिरी संसार र खास गरी निजको परिवार वा परामर्शदातासँगको सम्पर्क केही दिनभन्दा बढीका लागि इन्कार गरिनेछैन ।

**सिद्धान्त- १६**

१. पक्राउको लगत्तै पछि र थुनछेक वा कारावासको हरेक स्थानान्तरणपछि थुनिएको वा कैद ठेकिएको व्यक्तिलाई निजको पक्राउ, थुनछेक वा कारावासको वा स्थानान्तरण वा राखिएको हिरासतस्थानको बारेमा निजको परिवार वा इच्छाएका उपयुक्त व्यक्तिहरूलाई सूचित गर्ने वा सक्षम अधिकारीद्वारा त्यस्तो सूचना गराइपाउने हक हुनेछ ।

*स्रोत : (अजर, २०६१ : ८८ - ९२)*

थुनछेक गर्ने कुरा न्यायिक निगरानीअन्तर्गत पनि अत्यन्त सावधानीपूर्वक गरिनुपर्ने कुरा हो । यसैले विनावारेन्ट सकभर पक्राउ गर्ने कार्यलाई निरुत्साहित नै गर्नुपर्छ भन्ने सिद्धान्त स्वीकृत रहेको छ । अपराधको गम्भीरता र कसुरदार उम्कन सक्ने सम्भावनालाई विचार गरेर पक्राउका लागि वारेन्ट जारी हुनै पर्ने सर्तलाई सबै अवस्थामा सामान्य नियम बनाउन सकिन्न । तर पक्राउ गरिहाल्नुपरे पनि त्यसको तुरुन्त जानकारी दिनुपर्ने सामान्य नियम कायम गरेर यसमा सन्तुलन ल्याउन मापदण्डहरूले प्रयास गरेका छन् ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ (५) मा रहेको “पक्राउ परेको व्यक्तिलाई निज पक्राउ परेको कारणसहितको सूचना यथासक्य चाँडो नदिई थुनामा राखिनेछैन” (काकिव्यस, २०४७ : ८) भन्ने व्यवस्थाले यही सिद्धान्त वरण गरेको छ । सरकारी मुद्दासम्बन्धी नियमावली २०५५ को नियम ९(१) को पक्राउमा परेको व्यक्तिलाई पक्राउपुर्जी अनिवार्य रूपमा दिनुपर्ने र



नियम ९(२) को पक्राउ गर्ने मनासिब आधार नदिएका अवस्थामा पक्राउ नगरीकन अनुसन्धान अगाडि बढाउनुपर्ने व्यवस्थाले पनि यही मान्यतालाई सकारेको छ । मुलुकी ऐन २०२० को अदालती बन्दोबस्तको १२१ नम्बरले गरेको कानुनको दफा खुलेको थुनुवापुर्जी दिनुपर्ने व्यवस्था पनि यही सिद्धान्तमा आधारित छ ।

मुलुकी ऐन २०२० अदालती बन्दोबस्तको ११६ र ११७ नम्बरले जथाभावी गिरफ्तारी र थुनछेकलाई नियमित गर्नेबारेमा व्यवस्था गरेका छन् । यिनलाई नेपालको यससम्बन्धी आधारभूत व्यवस्था मान्न सकिन्छ । मुलुकी ऐनका ती व्यवस्थाले माथि उल्लिखित अन्तर्राष्ट्रिय कानुन र संवैधानिक व्यवस्थासँग सङ्गति राखेका पनि छन् । तर अपराधको मात्रा, प्रकृति र स्वरूपको समयको अन्तरालमा भएका हेरफेरलाई सम्बोधन गर्ने गरी यी व्यवस्थाले उल्लिखित सिद्धान्तको मर्म र गिरफ्तारी र थुनछेकलाई व्यावहारिक रूपमा व्यवस्थापन गर्ने कुरामा पर्याप्त मार्गदर्शन दिन सकेका छैनन् ।

मुलुकी ऐनमा रहेका उल्लिखित प्रावधान खालि वारेन्ट जारी हुने मुद्दा र हातहतियारसम्बन्धी मुद्दाको कुरा उठाएका छन् । कुनकुन मुद्दामा वारेन्ट जारी नभई शङ्कित सम्भावित कसुरदारलाई पक्राउ हुन सक्छ भन्ने कुरा पनि मूलभूत कानुनी व्यवस्थाले समेट्नुपर्ने हो । साथै केकस्ता अवस्थालाई अपवादका रूपमा लिनुपर्छ भन्ने कुरा पनि सो सामान्य व्यवस्थाले खुलाउन सक्नुपर्ने हो तर ती व्यवस्थाले त्यसबारेमा केही बोलेका छैनन् ।

**मुलुकी ऐन २०२०** (**अदालती बन्दोबस्तको महल**)

११६ नं. ।। ।। वारेन्ट जारी गरी पक्रनुपर्ने मानिसलाई र हतियार खजानासम्बन्धी मुद्दाका अभियुक्तलाई घरभित्र पसी पक्रन पर्दा जुनसुकै बखतमा भए पनि पक्रनुपर्ने मानिस भाग्न नपाउने गरी बाटो रोक्का गरी जनाउ दिई घरभित्र पसेर पक्रन हुन्छ । लेखिएदेखि बाहेक अरू मानिसलाई पक्रनु पर्दा घरको चोक-आँगनसम्म गई पक्रन हुन्छ । सो ठाउँसम्म जाँदा पक्राउ हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्ममा घरभित्र पसेर पनि पक्राउ गर्न हुन्छ ।

> १.१७ नं. ॥ ॥ स्वास्नीमानिसलाई पक्रन पठाउनु पर्दा स्वास्नीमानिस सिपाही भएका अड्डाले स्वास्नीमानिस सिपाही र नभएका अड्डाले दुई जना सिपाही पठाई डाकी ल्याउनुपर्छ । लोग्नेमानिसले हात हाली पक्रन हुँदैन । नआई अडिई भने मात्र नाडीमा समाई ल्याउनुपर्छ ।
>
> *स्रोत : (काकिव्यस, २०५९ : ४२)*

यसबाट अन्य विशेष कानुनले गिरफ्तारी र थुनछेकलाई अपराधअनुसन्धानकर्ता वा कानुन कार्यान्वयन गर्ने अधिकारीलाई सजिलो हुने गरी मात्र कानुन तर्जुमा गर्ने परिपाटी विकास हुन पुगेको छ र त्यस्ता व्यवस्थाहरू अन्तर्राष्ट्रिय कानुन र संवैधानिक प्रावधानको मर्मको केन्द्रीयताबाट विचलित हुन पुगेका छन् । यसको परिणामस्वरूप निम्नानुसारको कानुनी व्यवस्थाले यससम्बन्धी संरक्षणलाई विरोधाभाषपूर्ण बनाएको छ :

क) प्रहरी ऐन २०१२ को दफा १७ अनुसार प्रहरीले तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा मात्र विनावारेन्ट गिरफ्तार गर्न सक्छ । सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा १४ ले भने ''कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरीकर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्ने'' (काकिव्यस, २०५३ : १६९) गरी प्रहरीलाई मात्र सजिलो पार्ने किसिमको व्यवस्था कायम गरेको छ । सो व्यवस्थामा बदनियत चिताएर कुनै मानिसलाई प्रहरीले अकारण पक्राउ गरेमा पनि त्यसको कारण दर्साउनुपर्ने वा उत्तरदायित्व लिनुपर्ने कुराको कतै सङ्केतसम्म छैन । यसबाट प्रहरीको स्वेच्छाचारिता बढ्ने सधैँ सम्भावना रहन्छ ।

ख) आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०६१ को दफा ५ ले 'सुरक्षा निकायलाई शङ्का लागेको आधारमा पक्राउ गर्ने' (राजपत्र, २०६१ : ६ - ७) अधिकार दिएर सुरक्षाकर्मीलाई असीमित अधिकार भएको भान दिने व्यवस्था कायम गरेको छ ।

ग) केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२८ को दफा २- दफा ३ ले दफा २ अन्तर्गत कसुर गर्दाकै अवस्थामा घटनास्थलमा फेला परेका वा कसैको उजुरको आधारमा वा अभियुक्त हो भन्ने शङ्का भएमा र त्यस्को



जाँचबुझ गर्दा कसुर गरेको भन्ने विश्वास लागेमा प्रहरी नायब निरीक्षक र सब इन्स्पेक्टरसम्मको प्रहरीले पक्राउ गर्ने र २४ घण्टामा मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई सो अवधिभन्दा बढी थुनामा राख्ने व्यवस्था गरेको छ । तर यसरी थुनामा राख्नुको कारण र लगाइएको अभियोगका बारेमा अभियुक्तलाई जानकारी दिने कुरा यसमा उल्लेख छैन ।

घ) वन ऐन २०४९ को दफा ५९ ले 'वनसँग सम्बन्धित कर्मचारी वा प्रहरी कर्मचारीले सो ऐनबमोजिम कसुर गरेको वा गर्न लागेको छ र निज भागीउम्की जान सक्ने सम्भावना छ भन्ने लागेमा निजलाई विनावारेन्ट पक्राउ गर्न सक्ने' (पन्त र प्याकुरेल : ६८७) अधिकार दिएको छ ।

ङ) विष्फोटक पदार्थ ऐन २०१८ को दफा ७ ले 'प्रहरी वा स्थानीय कर्मचारीले 'कसैले यस ऐनबमोजिमको कसुर गर्न लागेको फेला परेमा विनावारेन्ट पक्राउ गर्न सक्ने' (पन्त र प्याकुरेल : ७८०) व्यवस्था गरेको छ ।

च) लागू औषध नियन्त्रण ऐन २०३३ को दफा ८ ले 'यस ऐनबमोजिमको अपराध भैरहेको छ र तुरुन्तै केही नगरेमा भाग्ने सम्भावना छ भने विनावारेन्ट गिरफ्तार गर्न सक्ने' (पन्त र प्याकुरेल : १०५५) व्यवस्था कायम गरेको छ ।

छ) भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २५ ले 'शङ्कित व्यक्तिलाई जानकारी पाएको आधारमा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्ने' ( पन्त र प्याकुरेल : ८५६) व्यवस्था गरेको छ ।

यसबारेमा अमेरिकी अभ्यासमा भने विनावारेन्ट गिरफ्तारी गर्न नपाउने कुरालाई संवैधानिक प्रावधानको हाराहारीमा राखिएको छ । ''वारेन्ट भनेको जनताको हकमा सरकारविरुद्धको संरक्षण हो'' (स्याजबर्ग, १९८८ : ४४) भन्दै यसलाई संवैधानिक प्रत्याभूतिको रूपमा ग्रहण गरेको पाइन्छ ।

**नेपालको सन्दर्भमा एक अध्ययनले भनेको छ :**

> वर्तमान व्यवस्थाअनुसार जाहेरीमा शंङ्का वा किटान गरी उल्लेख गरिएका व्यक्तिलाई अभियुक्तका रूपमा पक्राउ गरिन्छ । कानुनी व्यवस्थाप्रतिकूल पक्राउ गरिएका सबै व्यक्तिलाई पक्रन पक्राउ पुर्जी जारी गरिएको हुँदैन । कानुनतः जाहेरीमा उल्लिखित सबै व्यक्तिको नाम गोप्य नै राखेर त्यस्तो संदिग्ध व्यक्तिउपर निश्चित तहको अनुसन्धान गरिसकेपछि

मात्र निजलाई पक्राउ गर्नुपर्ने व्यवस्था पाइन्छ । यद्दपि कुनै व्यक्ति अपराधमा संलग्न छ भन्ने पर्याप्त प्रमाणद्वारा प्रमाणित भएपछि मात्र त्यस्तो व्यक्तिलाई पक्राउ गर्नुपर्छ भन्ने सरकारी मुद्दासम्बन्धी ऐन २०४९ ले गरेको व्यवस्था व्यवहारमा भने लागू रहेको छैन । पहिले शङ्का गरिन्छ, त्यसपछि प्रमाण खोजिन्छ । अझ खेदजनक कार्य त शङ्का गर्ने वित्तिकै हतकडी लगाउनु र विनासोधपुछ हिरासतमा राख्नुलाई मान्न सकिन्छ । यसबाट पक्राउ पर्नासाथ व्यक्तिका अधिकारहरू कुण्ठित हुन थाल्छन् ।

*(सेलर्ड, २००२ :१६)*

कानुनकार्यान्वयनको क्रममा यस संरक्षणमाथि अतिक्रमण हुन सक्ने र अभियुक्त वा शङ्कित व्यक्तिका यस्ता अधिकारहरूको हनन हुन सक्ने कुरालाई मापदण्डहरूले अनुमान गरेका छन् । यस्तो सम्भावित अतिक्रमण र हननलाई क्षतिपूर्तिको माध्यमबाट र ज्यादतीकर्ता माथिको कारबाईद्वारा सन्तुलित राख्नुपर्ने कुरा पनि मापदण्डका रूपमै कायम भएका छन् । यस सन्दर्भमा **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध** १९६६ "कानुनअसङ्गत गिरफ्तारी वा थुनछेकबाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ" (अजर, २०६१ : १९) भनेको छ ।

कानुनविपरित गिरफ्तारी र थुनछेक गर्नेलगायत सिद्धान्तविपरीत कार्य गर्नेलाई दण्डित गर्नुपर्नेबारेमा **जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह १९८८** को सिद्धान्त ७ (१) ले भनेको छ :

यी सिद्धान्तहरूमा रहेका अधिकार र कर्तव्यको विपरीत हुने कुनै पनि कार्यलाई राज्यहरूले कानुनद्वारा निषिद्ध गर्नुपर्छ, यस्ता कार्यमा उपयुक्त दण्डभार (स्याङ्कसन) कायम गर्नुपर्छ र तत्सम्बन्धी उजुरउपर निष्पक्ष अनुसन्धान गर्नुपर्छ ।

*(अजर, २०६१ : ८९)*



यसो भए पनि नेपालमा गैरकानुनी रूपमा हुने गिरफ्तारीबाट पीडित व्यक्तिले क्षतिपूर्ति पाउने कानुनी व्यवस्था छँदै छैन । गैरकानुनी रूपमा हुने थुनछेकको सन्दर्भमा मुलुकी ऐन २०२० मा बेरीतसँग थुन्दाको महलको व्यवस्था क्षतिपूर्तिका हिसाबले राखिएको भए विरोधाभाषपूर्ण तथा द्विविधाजनक प्रावधानका कारण यो कार्यान्वयनमा प्रायः छैन ।

माथि विवेचना गरिएअनुसार आमसिद्धान्त र नेपालको कानुनी व्यवस्था हेर्दा नेपालको कानुनी व्यवस्था अन्तर्राष्ट्रिय मापदण्डका आधारमा निम्न कुरामा कमजोर देखिन्छ :

- कानुनमा गिरफ्तारी र थुनछेकलाई नियमित गर्ने मूलभूत व्यवस्था स्पष्ट नहुनु र तिनले अपराधको गम्भीरता तथा घटनाको परिवेशका आधारमा कायम गर्न सकिने अपवादजनक अवस्थाको बारेमा स्पष्ट मार्गदर्शन गर्न नसक्नु;
- विशेष ऐनको तर्जुमा गर्दा गिरफ्तारी र थुनछेकको व्यवस्थापनबारेका प्रावधान तय गर्दा गिरफ्तारी र थुनछेकसम्बन्धी सर्वमान्य सिद्धान्तप्रति ध्यान नराखी कानुन कार्यान्वयन गर्ने अधिकारीलाई सुविधाजनक हुने गरी मात्र व्यवस्था कायम गर्नु;
- गिरफ्तारी र थुनछेक गरिएको व्यक्तिको सोसम्बन्धी जानकारी परिवारका सदस्य, नातेदार र कानुनी सल्लाहकारलाई शीघ्र जानकारी गराउनुपर्ने कानुनी प्रावधान नहुनु र यस खालको असल अभ्यासलाई व्यवहारमा ल्याउन सम्बन्धित निकाय अनिच्छुक रहनु; र
- गैरकानुनी रूपमा गिरफ्तार र थुनछेक गर्नेगराउनेउपर कानुनी कारबाईको समुचित प्रावधान नहुनु र पीडितले यथोचित क्षतिपूर्ति पाउने अधिकारप्रति राज्यको उपेक्षाभाव रहनु ।

## आ) जथाभावी वा विनावारेन्ट खानतलासीविरुद्धको संरक्षण

खानतलासीबाट मानिसको मूलतः सम्पत्तिसम्बन्धी, गोपनीयतासम्बन्धी अधिकार र आवासीय स्वतन्त्रताहरू प्रभावित हुन्छन् । यसबाट शङ्कित वा अभियुक्तको मात्र नभएर पूरै परिवारको अधिकारमा असर पुग्छ । स्वच्छ पुर्पक्ष सार्वजनिक निर्भयताको पनि आधार भएकाले खानतलासीको कुरालाई कानुनसम्मत बनाउनुपर्ने कुराको यसले माग गर्दछ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२(१) ले " कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुनेछैन" (काकिव्यस, २०४७ : ६) भनेको छ । संविधानको धारा २२ ले "कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य" (काकिव्यस, २०४७ : १०) बनाएको छ । यसबाट कानुनद्वारा स्पष्ट व्यवस्था नगरीकन र कानुनले किटान गरेको तरिका नपुऱ्याईकन खानतलासी गर्न नहुने र गरेमा त्यसले स्वच्छ पुर्पक्षको मान्यतालाई आघात गर्छ भन्ने स्पष्ट हुन्छ ।

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र** १९४८ को धारा १२ मा "कसैको पनि गोप्यता, परिवार, घर वा पत्राचार जथाभावी हस्तक्षेप गरिने छैन र उसको सम्मान र ख्यातिमा पनि अतिक्रमण गरिनेछैन । हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनी संरक्षण पाउने अधिकार छ" अजर, २०६१ : ४) भनिएको छ । यही कुरालाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा १७ ले थप स्पष्ट बनाउँदै भएका गैरकानुनी हस्तक्षेपविरुद्ध कानुनी संरक्षणको प्रत्याभूति गरेको छ ।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी**
**अन्तर्राष्ट्रिय अनुबन्ध १९६६धारा १७**

१ कसैको पनि निजी गोपनीयता, परिवार घर वा पत्राचारउपर जथाभावी वा गैरकानुनी हस्तक्षेप गरिनेछैन साथै प्रतिष्ठा र ख्यातिमा गैरकानुनी आघात पुऱ्याइनेछैन ।

२ हरेक व्यक्तिलाई यस्ता हस्तक्षेप वा आघातविरूद्ध कानुनी संरक्षणको अधिकार छ ।

*स्रोत : (अजर, २०६१ : २३)*

उपर्युक्त प्रत्याभूति रहँदारहँदै पनि नेपालमा यससम्बन्धी व्यवस्था र तिनको कार्यान्वयन द्विविधाजनक रूपमा क्रियाशील रहेको अवस्था छ । उल्लिखित हक तथा स्वतन्त्रताको संरक्षणमा अपराधअनुसन्धान गर्ने अधिकारीहरू दत्तचित्त नरहने गरेको तथ्यलाई प्रकाशमा आएका अनेकन घटनाले साबित गरेका छन् । यसको मुख्य कारण अस्पष्ट कानुनी व्यवस्था र अधिकारीहरूलाई उचित मार्गदर्शन



तथा तिनमाथि नियन्त्रणको अभाव हो । फौजदारी कार्यविधिलाई नियमित गर्ने कानुनले उल्लिखित संरक्षणलाई चाहिँदो मात्रामा वास्ता नगरी खालि अनुसन्धान अधिकारीहरूलाई शक्ति प्रदान गर्ने कुरामा ध्यान दिएको देखिन्छ ।

मुलुकी ऐन २०२० अदालती बन्दोबस्तको १७२ नम्बरले खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधिलाई मार्गदर्शन गरेको छ ।

**मुलुकी ऐन २०२० (अदालती बन्दोबस्त)**

**१७२ नं.** ॥ ॥ श्री ५ को सरकार वादी हुने फौजदारी मुद्दामा तहकिकात गर्दा जुन अपराधका सम्बन्धमा सो तहकिकात गर्न लागेको हो सो अपराधसित सम्बन्धित कुनै वस्तु वा धनमाल कुनै घर वा अरु कुनै ठाउँमा फेला पर्ने सम्भावना छ भन्ने विश्वास गर्ने मनासिबमाफिकको कारण भएमा र सो वस्तु वा धनमाल सो घर वा वा ठाउँको तुरून्त तलासी नलिएको खण्डमा प्राप्त नहुने आशङ्का भएमा आफूले विश्वास गर्नुपरेको कारण र जुन वस्तु वा धनमालका सम्बन्धमा तलासी लिनुपर्ने हो सो वस्तु वा धनमालको विवरण स्पष्ट बुझिने गरी लेखी राखी कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मका प्रहरीअधिकृतले सो घर वा ठाउँको देहायबमोजिम तलासी लिन वा लिन लगाउन सक्नेछ र सोबमोजिम तलासी लिइसकेपछि सो लिएको तीन दिनभित्र तलासी लिएको कारण र तलासी लिएको वस्तु वा धनमाल इत्यादिको फिहरिस्तको एकप्रति नक्कल मुद्दा हेर्ने अड्डामा पठाउनुपर्छ ।.............................................................

कुनै घर वा ठाउँको तलासी लिनुपर्ने भएमा सो घर वा ठाउँमा बसोबास गरी आएका वा सो घर वा ठाउँका धनी वा जिम्मा लिएका मानिसलाई तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्छ र सोबमोजिम सूचना पाएमा त्यस्ता मानिसले पनि तलासी लिन आएको प्रहरीअधिकृतलाई बाधारोकावट नगरी सरासर प्रवेश गर्न दिनुपर्छ ..............................१

माथि १ दफाबमोजिम तलासी लिने घर वा ठाउँमा बस्ने वा सो घर वा ठाउँका धनी वा जिम्मा लिएका व्यक्तिले तलासी लिने प्रहरीअधिकृतलाई लेखिएबमोजिम प्रवेश गर्न नदिएमा सो प्रहरीअधिकृतले सो घर वा ठाउमा रहेबसेका स्वास्नीमानिसहरूलाई हट्ने सूचना र मौका दिई आवश्यकतानुसार बाहिरी वा भित्री कुनै झ्यालढोका वा छेका खोली तोडी फोडी भित्र पसी तलासी लिन हुन्छ ...............२

यस नम्बरमा लेखिएबमोजिम कुनै घर वा ठाउँको तलासी लिँदा यसै महलको ११६ नम्बरमा घरभित्र पस्ने कुराका सम्बन्धमा गरिएको व्यवस्थासमेत पालन गर्नुपर्छ ...............३

यस नम्बरमा लेखिएबमोजिम कुनै घर वा ठाउँको तलासी लिँदा त्यस ठाउँको गाउँविकास समिति वा नगरपालिकाको सदस्य वा प्रतिनिधि, दुई जनामा नघटाई भलाद्मीहरू, घरधनी र उसको एक जना प्रतिनिधि र पाएसम्म जिमीदार, तालुकदार, पटुवारीसमेत साक्षी राखी तलासी लिने र साक्षी बस्ने सबैको आङ खोली केही वस्तु नलिई सो घर वा ठाउँभित्र पसी तलासी लिनुपर्छ .......४

माथिका दफाहरूबमोजिम तलासी गर्दा तलासी गरिएको वस्तु वा धनमालका सम्बन्धमा कुनै मानिसको आङको तलासी लिनुपरेमा सोसमेत लिन हुन्छ र सोबमोजिम स्वास्नीमानिसको आङको तलासी लिनुपरेमा सो स्वास्नीमानिसको बेइज्जती नहुने गरी पत्यारकी अर्की स्वास्नीमानिसबाट लिन लगाउनुपर्छ ...............५

यस नम्बरबमोजिम तलासी लिँदा निस्केको मालसामान वा वस्तुको सबै विवरण र सो पाइएको ठाउँ र अवस्था खोली फेहरिस्त बनाई तलासी लिने र साक्षी बस्ने सबैले सहीछाप गर्नुपर्छ र घरधनी वा निजको प्रतिनिधिलाई सो फेहरिस्तको एक प्रति नक्कल र सोमध्ये कुनै धनमाल वा वस्तु प्रहरीअधिकृतले कब्जा गरी लगेमा त्यसको भरपाईसमेत दिनुपर्छ...............६

माथि ४ दफाबमोजिम साक्षी बस्नुपर्ने मानिसहरूले साक्षी बस्न इन्कार गरेमा वा साक्षी बसी सहीछाप गरी नदिएमा निजलाई एक सय रूपैयाँसम्म जरिवाना हुन्छ...............७

*स्रोत : (काकिव्यस, २०५९ : ५४ - ५६)*



यो नेपालको सन्दर्भमा खानतलासी गर्दाको मूलभूत कानुनी व्यवस्था हो। यसले घर, सवारी वा जीउको तलासी लिने व्यवस्था गरेको छ। तथापि, जथाभावी खानतलासीविरुद्धको संरक्षणका सन्दर्भमा पनि माथि जथाभावी गिरफ्तारी र थुनछेकविरुद्धको संरक्षणको सन्दर्भमा चर्चा गरिएका जस्तै समस्या विद्यमान रहेका छन्। खास गरी मुलुकी ऐनको मूलभूत व्यवस्थालाई सबै अवस्थामा लागू हुने र त्यसको अपवादजनक अवस्था केके हुने भन्नेबारेमा नेपाल कानुन अस्पष्ट छ। यसमा नेपाल कानुनको मुख्य कमजोरीलाई निम्नानुसार औँल्याउन सकिन्छ :

- हातहतियार तथा खरखजना ऐन २०१९ को दफा ६ ले हतियारको वसार पसारमा शंका लागेमा जहाँसुकै(गाडी, जीउ, पोका, भारी) खानतलासी गर्न र सो वस्तु भेटिएमा विना वारेन्ट गिरफ्तार गरी प्र.जि.अ.को मा २४ घन्टाभित्र पेश गर्ने व्यवस्था छ। तर अनधिकृत खोजतलास गरि सो वस्तु फेला नपरेमा प्रहरीलाई कुनै दायित्व वहन गराउने व्यवस्था छैन।
- माथि जथाभावी गिरफ्तारी र थुनछेकविरुद्धको संरक्षणअन्तर्गत चर्चा गरिएका सबै जसो कानुनले सुरक्षाकर्मी वा प्रहरीलाई गिरफ्तारी र थुनछेकका सन्दर्भमा भएजस्तै खानतलासीका हकमा पनि स्वेच्छाचारी र सुविधाजनक बनाउने गरी अधिकार प्रदान गरेका छन्।
- कानुनमा खानतलासी तथा शरीरको तलासीलाई नियमित गर्ने मूलभूत व्यवस्था स्पष्ट छैनन् र तिनले अपराधको गम्भीरता तथा घटनाको परिवेशका आधारमा कायम गर्न सकिने अपवादजनक अवस्थाको बारेमा स्पष्ट मार्गदर्शन गर्न सकेका छैनन्;
- विशेष ऐनको तर्जुमा गर्दा खानतलासी र जीउतलासीको व्यवस्थापनबारेका प्रावधान तय गर्दा गिरफ्तारी र थुनछेकसम्बन्धी सर्वमान्य सिद्धान्तप्रति ध्यान नराखी कानुन कार्यान्वयन गर्ने अधिकारीलाई सुविधाजनक हुने गरी मात्र व्यवस्था कायम गर्ने परिपाटी अँगालिँदै आएको छ; र
- गैरकानुनी रूपमा वा बेरीतसँग खानतलासी वा जीउतलासी गर्नेगराउनेउपर कानुनी कारबाईको समुचित प्रावधान छैन र पीडितले क्षतिपूर्ति पाउने अधिकारप्रति राज्यले पूरै उपेक्षाभाव कायम राखेको छ।
- कानुनविपरीतको खानतलासी वा शरीरतलासीबाट गरिएको प्रमाणसङ्कलनलाई प्रमाणमा अग्राह्य गरिने बहिष्कारी नियम (इस्कुजनरी रुल) को नेपालको फौजदारी न्यायप्रणालीले अवलम्बन गरेको छैन।

## इ) थुनामा मानवोचित व्यवहार पाउने अधिकार र यातनाविरुद्धको संरक्षण

कसुर गरेको आरोपमा थुनामा लिनु भनेको सो व्यक्तिका कानुनविपरीत थप क्रियाकलापबाट समाजलाई र सम्बन्धित व्यक्तिलाई नै सुरक्षित गर्नु हो। यसरी थुनामा आउने व्यक्ति भोलि अझ असल भएर समाजमै फर्कनुपर्छ र उसलाई फौजदारी न्यायले सुधिएको हालतमा समाजलाई जिम्मा दिनुपर्छ भन्ने फौजदारी न्यायको उद्देश्य रहेको पाइन्छ। यो उद्देश्यप्राप्तिका लागि थुनामा लिइएको व्यक्तिलाई सुरुबाटै मानवीय तरिकाले व्यवहार गरिनु आवश्यक हुन्छ।






यही मान्यतामा स्वच्छ पुर्पक्षका मापदण्डले गिरफ्तार भइसकेपछि कुनै पनि व्यक्तिलाई शारीरिक र मानसिक सकसमा पार्ने कार्यलाई निषेध गर्दछ। **मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८** को धारा ५ अनुसार "कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइनेछैन" अजर, २०६१ : ३)। यसै गरी **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा ७ मा भनिएको छ :

> कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइनेछैन। खास गरी कसैलाई पनि निजको स्वतन्त्र मन्जुरीविना चिकित्सा वा वैज्ञानिक प्रयोगपरीक्षण गरिनेछैन।
>
> ***(अजर, २०६१ : १७)***

थुनामा राख्दा गरिएको कुन कुरा यातना हुन्छ भन्ने बारेमा **यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि १९८४** को धारा १ ले यातनालाई परिभाषित गरेको छ। यसअनुसार

> :"यातना" भन्नाले सार्वजनिक अधिकारीले वा सार्वजनिक अधिकारी वा सार्वजनिक क्षमतामा काम गर्ने अन्य व्यक्तिका उक्साहट, सम्मति वा स्वीकृतिमा कुनै व्यक्तिलाई ऊ वा अरू कसैको जानकारी वा साबिती लिन या ऊ वा अरू कसैले गरेको भनी आशंङ्का गरिएको कुनै अपराधमा सजाय दिन वा भेदभावमा आधारित अन्य कुनै कारणले डरत्रास देखाउन वा जबर्जस्ती गर्न जानाजान उसलाई कठोर शारीरिक वा मानसिक पीडा वा सकस पार्न गरिने क्रियाकलापलाई जनाउँछ। सो शब्दले कानुनसङ्गतको दण्डभारमा अन्तर्निहित वा सोबाट अकस्मात् उत्पन्न पीडा वा सकसलाई समेट्दैन।
>
> ***(अजर, २०६१ : १७)***

यसै गरी **यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्र १९७५** को धारा १ ले "बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डका नियमावलीसँग अनुकूल हुने कानुनसङ्गत दण्डभारमा अर्न्तनिहित वा सोबाट स्वाभाविक हुन जाने पीडा वा कष्ट यसभित्र पर्दैन" भन्दै "यातनाले क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको चर्को र मनोमानीपूर्ण स्वरूप कायम गर्दछ" (अजर, २०६१ : १०३) भन्ने तथ्य ठम्याएको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(४) ले यातना र क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको निषिद्धताको बारेमा किटान गरेको छ :

> अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक तथा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारित गरेबमोजिम क्षतिपूर्ति दिइनेछ ।
>
> ***(काकिव्यस, २०४७ : ८)***

यातनालाई निषेध गर्ने मात्र होइन, यातना दिने कार्यलाई स्वयंमा गम्भीर किसिमको कसुर मान्नुपर्ने मान्यता पनि स्वच्छ पुर्पक्षले अँगालेको छ । **यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि १९८४** को धारा ४ ले "हरेक राज्यपक्षले यातनाका सबै कार्यलाई आफ्नो फौजदारी कानुनअन्तर्गतका कसुर सुनिश्चय गर्नेछन्" भनेको छ । साथै सोही धाराले "यातना दिन उद्योग गरेको वा यातना दिनमा मतियार वा सहभागी भएको व्यक्तिका हकमा पनि सोही कुरा लागू हुनेछ" भनेर यसको आपराधिकता र दायित्वको क्षेत्रविस्तार गरेको छ । सो धाराले थप के पनि भनेको छ भने : "हरेक राज्यपक्षले यी कसुरहरूलाई, तिनको गम्भीर प्रकृतिलाई समेत ध्यानमा राखी, उपयुक्त दण्डसजायद्वारा दण्डनीय बनाउनेछन्" (अजर, २०६१ : १११) ।

केकस्तो सजाय वा व्यवहारलाई क्रूर, अमानवीय वा अपमानजनक मान्ने भन्ने बारेमा पनि अन्तर्राष्ट्रिय कानुनले केही मार्गदर्शन उपलब्ध गराएको छ।



**जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह १९८८** को सिद्धान्त ६ ले भनेको छ :

> जुनसुकै प्रकारको थुनछेक वा कैदसजायअन्तर्गत रहेको व्यक्तिलाई यातना दिइनेछैन वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन । जेजस्तो भए पनि कुनै पनि परिस्थितिलाई यातना, क्रूर र अमानवीय वा अपमानजनक व्यवहार वा सजायको पुष्ट्याइँस्वरूप याचना गर्न पाइनेछैन ।
>
> ***(अजर, २०६१ : ८९)***

सोही सिद्धान्तमा 'क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय' भन्ने पदावलीलाई स्पष्ट गर्ने गरी टिप्पणी गर्दै भनिएको छ : "थुनिएको वा कैद ठेकिएको व्यक्तिलाई अस्थायी वा स्थायी रूपले दृष्टि, श्रवण, वा स्थान तथा समयको चेतनाजस्ता इन्द्रियगम्य ज्ञानको प्रयोगबाट वञ्चित गर्ने अवस्थामा राख्नेलगायतका शारीरिक वा मानसिक ज्यादतीविरुद्ध सर्वव्यापक संरक्षण गर्ने हदमा व्याख्या गर्नुपर्दछ" (अजर, २०६१ : ८९ पादटिप्पणी) ।

केलाई मानवोचित व्यवहार मान्ने भन्ने कुराको बारेमा पनि अन्तर्राष्ट्रिय कानुनले केही दिग्दर्शन गरेका छन् । कसुरमा दोषी कायम भएर सजायस्वरूप कारागारमा कैदमा राखिएका बन्दीलाई समेत कष्टदायी प्रकृतिको व्यवहार गर्न निषेध गरिएको छ । यसैले पुर्पक्षपूर्वको थुनछेकमा गरिने व्यवहारमा पनि यस कुरालाई होसियारीसाथ हेरिनुपर्छ ।

**बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली १९५५** को नियम २७ ले "अनुशासन र व्यवस्था दृढतापूर्वक कायम गरिनेछ तर यसो गर्दा सुरक्षित हिरासत र सुव्यवस्थित सामुदायिक जीवनको लागि आवश्यकभन्दा बढी बन्देज लगाइनेछैन" (अजर, २०६१ : ५९) भनेको छ । यसबाट हिरासतमा गरिने व्यवहार सामुदायिक जीवनका लागि आवश्यक हुने हदमा गरिएमा त्यसलाई मानवोचित मान्न सकिने अवस्था आउँछ ।

व्यवहार कहिले यातनापूर्ण, निर्मम, अमानवीय वा अपमानजनक हुन्छ ? भन्नेबारेमा कायम रहेको अन्तर्राष्ट्रिय सिद्धान्तको चर्चा गर्दै

पीआरआई (२००१) ले निम्न अवस्थामा व्यवहार क्रूर, अमानवीय र अपमानजनक हुने मानेको छ :

- ..अनुशासन तथा सामुदायिक जीवनलाई सुनिश्चित तुल्याउने उद्देश्यको प्रतिकूल छ भने;
- अनुचित छ भने;
- अनावश्यक छ भने; वा
- स्वेच्छाचारी छ भने; र
- त्यसले अनुचित कष्ट वा पीडा पैदा गर्दछ भने ।

***(पीआरआई, २००१ : ४५)***

नेपालमा हिरासत वा अन्य थुनछेकलाई व्यवस्थित गर्ने स्पष्ट कानुनी व्यवस्था र मार्गदर्शन छैन । प्रहरी ऐन २०१२ को दफा १५(१) ले प्रहरीको कर्तव्यका रूपमा निम्न मानवीय व्यवहारको सिफारिस गरेको छ :

ज) पक्राउ भएका वा थुनामा रहेका घायल र विरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारबाई तुरुन्त गर्ने र त्यस्तालाई पहरा दिँदा वा अन्त लैँदा निजको व्यवस्थाको उचित ख्याल राख्ने ।

झ) पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिँदो सिधा र बासको इन्तजाम गर्ने ।

ञ) खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिँदो हैरानी नदिने ।

***(चौतारी, २०५३ : १०९)***

यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ जारी भई नेपालमा यातनालाई निषिद्ध मानिए पनि यसलाई अपराधका रूपमा मानिएको छैन । हिरासत र थुनछेकका सिलसिलामा बाध्यात्मक रूपले पालन गर्नै पर्ने नियम तथा आचरण र मानवोचित व्यवहारका आधारभूत सर्तका बारेमा स्पष्ट व्यवस्थाको खाँचो अहिले पनि टड्कारो छ ।



## ई) थुनछेकउपर अविलम्ब न्यायिक जाँचको संरक्षण

व्यक्तिको स्वतन्त्रताको हरण गर्ने कार्यको औचित्य रहेनरहेको कुरा न्यायिक मूल्याङ्कनको विषय हो । यसैले कानुनद्वारा स्थापित स्वतन्त्र, निष्पक्ष र सक्षम अदालतबाट मात्र थुनाको वैधता हुन्छ वा हुन्न भन्ने कुरा निर्धारण हुन सक्छ । अदालतले गर्ने यस्तो मूल्याङ्कन पनि वस्तुगत आधारमा मात्र निरूपण हुनुपर्ने स्वच्छ पुर्पक्षको आममान्यता रहिआएको छ । यसैले गिरफ्तार गरी थुनामा लिइएको प्रत्येक व्यक्तिको अविलम्ब न्यायिक अधिकारीसमक्ष प्रस्तुत गरिनुपर्ने अधिकारलाई महत्त्वपूर्ण संरक्षणका रूपमा लिइएको हो । अपराधको आरोपका आधारमा मात्र कसैको स्वतन्त्रतालाई धरापमा पार्न नपाइने संरक्षण नै यसको केन्द्रीय कुरा हो ।

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८** को धारा १० ले "प्रत्येक मानिसलाई उसका अधिकार र कर्तव्य तथा उसविरुद्ध कुनै फौजदारी अभियोगको निर्धारणका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानतामा स्वच्छ र खुला सुनवाइ हुने हक छ" (अजर, २०६१ : ४) भनेको छ । यसबाट फौजदारी अभियोगको निर्धारणमा थुनाको वैधता आसन्न हुन्छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

यसबारेमा **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा ९(३) ले "फौजदारी आरोपमा पक्राउ गरिएको र थुनामा राखिएको जोकसैलाई पनि न्यायाधीश वा न्यायिक अधिकार प्रयोग गर्न कानुनले अख्तियार दिएको अन्य अधिकारीसमक्ष तुरुन्तै ल्याइनेछ" (अजर, २०६१ : १८ - १९) भनेर किटानै गरेको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ र सरकारी मुद्दासम्बन्धी ऐन २०४९ ले गिरफ्तार गरिएको वा थुनामा लिइएको व्यक्तिलाई बाटाको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्ने सर्त राखेका छन् । यो संरक्षणको हनन भएका अवस्थामा नेपाल अधिराज्यको संविधान २०४७ ले यसलाई अदालतको असाधारण क्षेत्राधिकारका माध्यमबाट उपचार लिन सक्ने व्यवस्था गरेको छ । यसो भए पनि यससंरक्षणविरुद्ध कार्य भएमा त्यसको प्रतिपूर्तिस्वरूप क्षतिपूर्तिको छुट्टै व्यवस्था नभएको र यसको उल्लङ्घनकर्तालाई कारबाई गर्ने प्रावधान नरहेकाले प्रायः यो संरक्षणको सम्मान हुन सकेको पाइन्न ।

## ३) थुनाको वैधताउपर चुनौती गर्ने र गैरकानुनी थुनछेकको प्रतिपूर्ति पाउने अधिकार

कानुन कार्यान्वयन गर्ने वा अपराधको अनुसन्धानको जिम्मेवारी लिएको अधिकारीले पदमा रहेको हैसियतबाट क्षेत्राधिकारको दुरुपयोग हुनु हुन्न भन्ने मान्यतालाई कानुनी राज्यको सिद्धान्तले कडाइपूर्वक वरण गर्नुपर्ने मान्यता राख्छ। यसैले कानुनको अख्तियारीबाटै सम्पादन गरिएको भए पनि यस किसिमको अख्तियारीको शक्तिको प्रयोगलाई न्यायिक निगरानी र जाँचको विषय मानिएको छ। यसै कारणले पक्राउ गरिएको वा थुनामा लिइएको व्यक्तिलाई आफूलाई गरेको पक्राउ र थुनछेक वैधानिक छैन भन्ने दाबी लिने र त्यसको वैधताउपर प्रश्न उठाउने अधिकारलाई स्वच्छ पुर्पक्षको महत्त्वपूर्ण संरक्षण बनाइएको छ। यस्तो गिरफ्तारी र थुनछेकको वैधता स्थापित हुन नसकेको अवस्थामा त्यसको प्रतिपूर्तिका रूपमा क्षतिपूर्ति पाउने कुरालाई पनि महत्त्वपूर्ण प्रत्याभूति बनाएको छ। यस सन्दर्भमा **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा ९(४) ले भनेको छ :

> ४. पक्राउ वा थुनछेकबाट स्वतन्त्रता वञ्चित भएको जोसुकै व्यक्तिलाई अदालतद्वारा विलम्ब नगरीकन निजको थुनछेकको कानुनसङ्गतताबारे निर्णय गर्न र थुनछेक कानुनसङ्गत नभएमा निजलाई मुक्त गर्ने आदेश दिनका लागि अदालतसमक्ष कारबाई चलाउने हक हुनेछ ।
>
> ५ कानुनअसङ्गत गिरफ्तारी वा थुनछेकबाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ ।
>
> ***(अजर, २०६१ : १९)***

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ अनुसार कानुनबमोजिम बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रता हरण नगरिने प्रत्याभूति रहेको छ। थुनाको वैधतालाई चुनौती गर्ने सम्बन्धमा अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत बन्दीप्रत्यक्षीकरणको रिट माग गर्ने व्यवस्था छ। सोबाहेक



पुर्पक्षपूर्वको चरणमा अन्य तरिकाले थुनाको वैधताको परीक्षण र त्यस्तो गिरफ्तारी र थुनछेक अवैध ठहरे क्षतिपूर्ति पाउनेसम्बन्धी कानुनी व्यवस्था छैन ।

मुलुकी ऐनमा रहेको बेरीतसँग थुन्दाको महलले दुनियाँवादी फौजदारी मुद्दाका रूपमा यसबारे क्षतिपूर्तिको माग गर्न सकिने सैद्धान्तिक सम्मति जनाए सो व्यवस्था द्विविधाजनक र अस्पष्ट भएकाले त्यसबाट पीडितले न्याय पाउने अवस्था छैन । यस्तै यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ ले पनि खालि यातना पाएको अवस्थामा क्षतिपूर्ति दाबी गर्ने व्यवस्था गरेको छ तर अकानुनी अवस्थाको गिरफ्तारी र थुनछेकमा प्रतिपूर्ति दिने व्यवस्था गरेको छैन ।


## ऊ) प्रतिरक्षार्थ कानुनी परामर्श, सहायता, समय र सरसुविधा

आफूले गरेको भनेर शङ्का गरिएको वा अभियोग लगाइएको कुरामा प्रतिवाद गर्ने र प्रतिरक्षाका उपाय अपनाउने कुरालाई स्वच्छ पुर्पक्षको सर्वाधिक महत्त्वपूर्ण संरक्षणको रूपमा लिइएको छ। यसले न्यायप्रणालीकै औचित्यलाई स्थापित गर्नमा काम गर्ने भएकाले यस्तो सर्वाधिक महत्त्वको विषय मानिएको हो।

यस प्रसङ्गमा **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा १४ (३) ले गरेका आधारभूत प्रत्याभूतिहरू पुर्पक्षको चरणसँग आसन्न देखिए पनि पुर्पक्षपूर्वको चरणबाटै लागू हुन्छन्। यसअनुसार "आफ्नो प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय एवं सरसुविधा पाउने र आफूले रोजेको कानुनी सल्लाहकारसँग कुराकानी गर्न पाउने" (अजर, २०६१ : २१) एक सघन प्रत्याभूति हो।

कानुनी परामर्शलाई प्रतिरक्षाको तयारी र सुविधासँग जोडेर **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** अन्तर्गतकै मानवअधिकार समितिले "पक्राउ परेका सबैले तत्कालै कानुनी परामर्शदातासँगको पहुँच पाउनै पर्छ" (एलसीएचआर, २००० : ६ - ७) भनेको छ। यसबारेमा के कुरा स्पष्ट छ भने आफूले रोजेको कानुनव्यवसायीसँग सम्पर्क गरेर परामर्श लिने अधिकारको संरक्षण र परिपूर्ति हुनु त अनिवार्य छ नै यस अतिरिक्त कानुनव्यवसायी आफै राख्न वा रोज्न नसकेका लाई राज्यको लागतमा कानुनी सहायता उपलब्ध गराउनुपर्ने दायित्व राज्यलाई रहने कुरा अन्तर्राष्ट्रिय मापदण्डले निश्चित गरेका छन्।

यस सिलसिलामा **कानुनव्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्त**



**१९९० र जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह १९८८** का सान्दर्भिक प्रावधानलाई मनन गर्नु जरुरी छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को दफा १४(५) ले पक्राउ परेको व्यक्तिलाई "आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गराउन वञ्चित गरिनेछैन"(काकिव्यस, २०४७ : ८) भनेको छ । यसो भए पनि नेपालमा राज्यको लागतमा कानुनी सहायता उपलब्ध गराइने कुरालाई स्वच्छ पुर्पक्षको आधारभूत संरक्षणका रूपमा सकारिएको छैन ।



यसबारेमा जानकारी दिने व्यवस्था पनि पर्याप्त छैन ।

अभियुक्तले माग नगरेकै भए पनि निःशुल्क कानुनी सेवा उपलब्ध गराउनमा रहने असफलताले पुर्पक्षलाई लुलो पार्छ (दिवान, १९९८ : १४४) । यसबारेमा अमेरिकाको सर्वोच्च अदालतले ***मिरान्डा वि. एरिजोना*** रहेको मुद्दामा प्रहरीले सोधपुछका क्रममा कानुनव्यवसायी राख्ने अवसर नदिई गराएको बयानलाई संविधानको स्वच्छ प्रक्रियाको प्रावधान विपरीत भएको भनी निम्न कुरा बाध्यात्मक रूपले प्रहरीले अभियुक्तलाई जानकारी गराउनुपर्ने सिद्धान्त स्थापित गरेको छ :

क) हिरासतमा रहको व्यक्तिलाई सोधपुछ गर्नुअगावै निजको मौन बस्न पाउने अधिकार छ भनेर बताउनै पर्ने;

ख) निजले बोलेमा बोलेको कुरा प्रमाणमा लिइनेछ भन्ने कुरामा सचेत गराउनै पर्ने;

ग) तिमीलाई वकिलको सहायताको जरूरत भए तिमीलाई वकिल राख्ने अधिकार छ । तिम्रो आफ्नो वकिल नभएमा राज्यका तर्फबाट तिमीलाई वकिलको सेवा दिइने व्यवस्था छ भनेर जानकारी गराउनै पर्ने ।

घ) सोधपुछभन्दा अगावै वा सोधपुछ हुँदाहुँदै निजले मौन रहने सङ्केत दिएमा सोधपुछ रोक्नुपर्ने; र

ङ) निजका तर्फमा वकिल वा कानुनी सल्लाहकारका उपस्थितिमा सोधपुछ गरी बयान लिएको छ भने निजले जानीबुझीकन र चातुर्यपूर्वक वकिल राख्ने अधिकार परित्याग गरेको हो भन्ने कुरा प्रदर्शन गर्ने गहन भार सरकारलाई हुने ।

***स्रोत : (फाइन्ड ल : २००४ : १ - २)***

## ए) थप प्रतिरक्षात्मक संरक्षण

पुर्पक्षपूर्वको अवस्थामा अभियोगसम्बन्धी कुरामा पनि प्रतिरक्षाको अधिकार शङ्कित वा अभियुक्तले पाउने कुरालाई अन्तर्राष्ट्रिय मापदण्डले किटान गरेका छन् । यस चरणमा पुर्पक्षको चरणमा प्राप्त हुने सबै संरक्षण शङ्कित वा अभियुक्तले पाउनुपर्छ भन्ने कुरामा संसारका अनेक अदालतले न्यायिक सिद्धान्त समेत कायम गरेका छन् । प्रतिरक्षासम्बन्धी संरक्षणका बारेमा विशेष विवेचना पुर्पक्षको चरणको संरक्षणका सन्दर्भमा आगामी शीर्षकमा चर्चा हुने भएकाले यहाँ पुर्पक्षपूर्व बाध्यात्मक रूपले पालना गरिनुपर्ने संरक्षणका बुँदा मात्र उल्लेख गरिएको छ । पुर्पक्षपूर्वको चरणमा समेत लागू हुने यस्ता संरक्षण हुन् :

- निर्दोषसरह व्यवहार गरिनुपर्ने;
- बुझिने भाषामा कुराकानी गरिनुपर्ने वा दोभासेको सेवा उपलब्ध गराउनै पर्ने;
- लागेको अभियोग, सम्भावित अभियोजन र सजायको जानकारी दिनुपर्ने;
- कारबाईका सिलसिला रहने अभियुक्त वा शङ्कित व्यक्तिका अधिकार र संरक्षणको जानकारी गराउनै पर्ने; र
- कसुरमा साबित हुन कर नलाग्ने, आत्मअपराधीकरण नगराइने र जुनसुकै प्रकारको करकापबाट मुक्त गरिने ।

## ऐ) जमानत वा धरौटीमा मुक्त हुन पाउने अधिकार

जमानत वा धरौटीमा छुटकारा लिएर फौजदारी अभियोगको निरूपणमा सहभागी हुन पाउनुलाई स्वच्छ पुर्पक्षको अवधारणाले आधारभूत संरक्षण र अधिकारको रूपमा ग्रहण गरेको छ । यो संरक्षण पुर्पक्षपूर्वको चरण र पुर्पक्षको चरण दुवैमा प्राप्त हुने मानिन्छ ।





**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा ९ (३) मा भनिएको छ :

> ...पुर्पच्छेको प्रतीक्षामा रहेका व्यक्तिलाई हिरासतमै राख्ने कुरा सामान्य नियम हुनेछैन तर छुटकारा न्यायिक कारबाईका जुनसुकै चरणमा पुर्पच्छेका लागि र निर्णयको कार्यान्वयनको बखत आइपर्दा उपस्थित हुने प्रत्याभूतिको विषय बन्न सक्नेछ ।
>
> ***(अजर, २०६१ : १९)***

यो अधिकार निर्दोषिताको अनुमान र स्वतन्त्रताको अधिकारको सम्मानको मान्यतामा पनि आश्रित छ । "जमानतको अवधारणा व्यक्तिको मर्यादा र समाजको सामाजिक सरोकारका बीचमा घुसेको छ" (गौर, २००३ : ८१९) । व्यक्तिको आत्मसम्मान र समाजको इच्छाको बीचको सन्तुलतका लागि जमानी वा धरौटीमा छुट्न पाउने अधिकारले स्वच्छ पुर्पक्षको मापदण्डको मान्यता पाएको छ । जमानतको मान्यताअनुसार "अभियुक्त हाजिर भएन भने पुर्पक्षका लागि जमानत नै अभियुक्तका

स्थानमा उभिन्छ'' (गौर, २००३ : ८२०)। अभियुक्तलाई धरौटीमा मुक्त हुन दिनुको मुख्य लक्ष्य उसका स्वतन्त्रताका अधिकारको प्रचलनबाट वञ्चित नगर्नु हो। थुनाबाट हुन सक्ने पेसागत कार्य, परिवारको सम्पर्क र सामाजिक उत्तरदायित्वबोधबाट नअलग्याउनका लागि यो अवधारणा ग्रहण गरिएको हो। निर्दोषिताको अनुमानलाई पुर्पक्षपूर्वको थुनाले निस्तेज तुल्याउँछ भने यदि परिवारको मुख्य व्यक्ति थुनामा परेमा सो परिवारलाई समाजले हेर्नुपर्ने हुन्छ ।

नेपालमा पुर्पक्षपूर्वको चरणमा जमानतमा छुट्न सक्नेबारेमा स्पष्ट व्यवस्थाको अभाव छ। **सरकारी मुद्दासम्बन्धी ऐन २०४९** को **दफा २१** ले तहकिकातका लागि हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले हाजिर जमानीमा छाड्न सक्ने व्यवस्था गरेको छ। यसरी हाजिर जमानीमा छाड्दा सरकारी वकिलको सहमति लिई वा अवस्थाअनुसार नलिई पर्चा खडा गर्नुपर्ने सर्त राखिएको छ। यसरी प्रहरीले जमानीमा छाडेको अवस्थालाई पुर्पक्षका क्रममा केकसरी प्रस्तुत गर्ने भन्नेबारेमा कुनै व्यवस्था छैन। यो व्यवस्था कानुनमा भएअनुरूप प्रहरीले जमानतमा छाडेर मुद्दा चलाएका दृष्टान्त भेटिँदैनन्।

पुर्पक्षका चरणमा अदालतबाट धरौटीमा छाड्ने कुरालाई कानुन र व्यवहार दुवैले क्रियान्वित गराएका छन्। धरौट वा जमानतमा थुनामा नरहने व्यवस्थालाई सम्बन्धित व्यक्तिको अधिकारभन्दा पनि भौतिक सुरक्षणका रूपमा व्याख्या गर्ने परिपाटी नेपालमा अवलम्बित छ। व्यक्तिगत जमानीको कुरालाई नेपाल कानुनले खास स्थान दिएको छैन। मुलुकी ऐनको अदालती बन्दोबस्तको ११८ नम्बरले जमानत वा धरौटी लिनेबारेमा कही मार्गदर्शन गरेको छ। यसरी जमानत वा धरौटीमा गरिने रिहाईलाई अभियुक्तको अधिकारका रूपमा भन्दा कानुनको सीमाङ्कनले दिएको सुविधा र अदालत वा न्यायाधीशको तजबिजका रूपमा लिने परिपाटी रहेको छ।

भारतीय सर्वोच्च अदालतले भने अमेरिकन 'जमानत परियोजना' को उल्लेख गर्दै भनेको छ :

> अदालती कारबाईमा शङ्कित व्यक्तिको उपस्थिति प्रायः आर्थिक जमानतविना पनि सम्भव हुन्छ । आर्थिक जमानतको प्रणालीले गरिबले जमानत राख्न नसक्ने हुँदा उनीहरूउपर भेदभाव गर्दछ, अर्कातिर उस्तै हालतमा रहेको धनी व्यक्तिले भने जमानत दिएर स्वतन्त्रता किन्न सक्षम हुन्छ ।
>
> ***(गौर, २००३ : ८२१)***



## ओ) बाह्‍य संसारसागको सम्पर्क तथा निकासको अधिकार

फौजदारी अभियोग लागेको व्यक्ति दोषी वा निर्दोष जे सावित भए पनि अन्ततः उसले समाजमा फर्कनुपर्ने भएकाले उसलाई सामाजिक संसर्गबाट अलग्याउन हुन्न भन्ने सिद्धान्त स्थापित छ। थुनछेकका सबै अवस्थामा मानिसलाई मानवमर्यादासाथ व्यवहार गर्नुपर्ने भएको र पुर्पक्षको चरणसम्ममा उसको हैसियत निर्दोषको सरह रहने हुनाले पनि उसलाई बाहिरी संसारसँगको सम्पर्क र निकासबाट वञ्चित गर्न नहुने कुरालाई मापदण्डहरूले स्थापित गरेका हुन्।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६** को धारा १० (२) क ले भनेको छ :"अभियोग लागेका व्यक्तिलाई अपवादजनक स्थितिमा बाहेक सजाय ठेकिएका व्यक्तिबाट अलग्ग राखिनेछ र सजाय नठेकिएका व्यक्तिसरहको तिनको हैसियतमिल्दो भिन्न व्यवहार गरिनेछ'' (अजर, २०६१ : १९)। यसैले पुर्पक्षपूर्वका थुनामा रहेका व्यक्तिलाई निर्दोष व्यक्तिसरह सामाजिक सम्पर्कमा राखिनुपर्छ।

यसलाई एकान्तको थुनछेकविरुद्धको अधिकारको रूपमा पनि लिइने गरेको छ। यसैले बाहिरी संसारसँगको सम्पर्कमा खास गरी चिकित्सक, परिवारका सदस्य, अन्य परामर्शदातासँगको भेटघाट, सम्पर्क र पत्राचार समेटिन्छन्। यस सन्दर्भमा **जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह १९८८** का निम्न सिद्धान्त विशेष मननीय छन् :

**जुनसुकै स्वरूपको थुनछेक वा कैदसजाय**
**अन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी**
**सिद्धान्तसङ्ग्रह १९८८**

**सिद्धान्त - १५**

सिद्धान्त १६ को अनुच्छेद ४, र सिद्धान्त १८ को अनुच्छेद ३ मा राखिएको अपवादसर्तमा जेसुकै लेखिएको भए तापनि थुनिएको वा कैद ठेकिएको व्यक्तिको बाहिरी संसार र खास गरी निजको परिवार वा परामर्शदातासँगको सम्पर्क केही दिनभन्दा बढीका लागि इन्कार गरिनेछैन ।

### सिद्धान्त- १६

१. पक्राउको लगत्तै पछि र थुनछेक वा कारावासको हरेक स्थानान्तरणपछि थुनिएको वा कैद ठेकिएको व्यक्तिलाई निजको पक्राउ, थुनछेक वा कारावासको वा स्थानान्तरण वा राखिएको हिरासतस्थानको बारेमा निजको परिवार वा इच्छाएका उपयुक्त व्यक्तिहरूलाई सूचित गर्ने वा सक्षम अधिकारीद्वारा त्यस्तो सूचना गराइपाउने हक हुनेछ ।

### सिद्धान्त - १९

थुनिएको वा कैद ठेकिएको व्यक्तिलाई, विशेषतः निजका परिवारका सदस्यले, भेटघाट र पत्रचार गर्ने अधिकार हुनेछ । कानुन वा कानुनसम्मत नियमद्वारा तोकिएको मुनासिब सर्त र सीमामा रही बाह्य संसारसँग सर्म्पक गर्ने पर्याप्त अवसर दिइनेछ ।

***स्रोत : (अजर, २०६१ : ९१ - ९३)***

नेपालमा भने यसबारेमा खासै कानुनी वा प्रथा वा परम्पराका रूपमा यसअधिकारको प्रचलनको प्रावधान जीवन्त छैन । तापनि मानवअधिकारको दृष्टिले यस किसिमको संरक्षणको लागि बराबर आवाज उठिरहेको छ ।



# ४

# पुर्पक्षका चरणमा लागू हुने मापदण्ड

वस्तुगत प्रमाणहरूको न्यायिक परीक्षण, अभियुक्तका प्रतिरक्षात्मक दाबीको स्वच्छतापूर्वकको सुनवाइ र कसुर भए/नभएको निरूपण नै यस चरणमा हुने कार्य हुन् । यस चरणमा पर्पक्षपूर्वका चरणमा अभियुक्तका अधिकारको हनन र संरक्षणको अवस्थाको मूल्याङ्कन र पुनरवलोकन पनि हुन्छ । कसुरको निरूपणपछि सजायको निर्धारणसम्म यो चरण कायम रहन्छ ।

पुर्पक्षपूर्वकै चरणमा स्वतन्तत्राको हरणउपर न्यायिक निगरानी रहन्छ भन्ने बारेमा माथि चर्चा भइसकेको छ। गिरफ्तारी र थुनछेकको प्रारम्भको लगत्तै पछिबाट न्यायिक निगरानी हुने भए पनि यसैलाई पुर्पक्षको चरण मान्ने हो कि ? यस्तो प्रश्न उठ्नु स्वाभाविक छ। तर गिरफ्तारी र थुनछेक सुरु

- अभियुक्तलाई पुर्पक्षका बेला अदालतबाट पाइने उपचारका सुविधामा जात, धर्म, लिङ्ग, भाषा, सम्पत्ति, राजनैतिक विचार वा अन्य कुनै आधारमा पनि भेदभाव गरिन हुँदैन ।
- एक पटक अभियोग लगाएर फौजदारी न्यायप्रक्रियाभित्र ल्याइएको व्यक्तिले सफाइ पाएको अवस्थाले राज्यबाट निर्दोष व्यक्तिको स्वतन्त्रता अकारण हरण भएको तथ्य स्थापित हुन्छ । यस्तो अवस्थामा एक स्वतन्त्र व्यक्तिको गुमेको समय र स्वतन्त्रतालाई फिर्ता गर्न सकिने अवस्था हुँदैन । यस अवस्थामा राज्यद्वारा व्यक्तिमाथि अन्याय थोपरिन पुग्छ ।






हुनासाथको न्यायिक निगरानीबाट शङ्कित वा थुनामा राखिएको व्यक्तिमा अभियोग स्थापना भइसकेको हुँदैन । यसैले अभियोगको स्थापनापछि मात्र वास्तवमा पुर्पक्षको चरण प्रारम्भ हुन्छ ।

यसो भए पनि पुर्पक्षको चरणमा उपलब्ध हुने कतिपय संरक्षणहरू पुर्पक्षपूर्वको चरणमा पनि लागू हुन्छन् । हामीले पुर्पक्षपूर्व, पुर्पक्ष र पुर्पक्षोत्तर भनेर गरिएको चरण विभाजन संरक्षणलाई मजबुत बनाउनकै लागि हो । संरक्षणको कुरा अटूट रूपले क्रियान्वित हुनुपर्ने भएकाले पुर्पक्षको चरणका संरक्षणहरूलाई कतिपय अवस्थामा पुर्पक्षपूर्व र पुर्पक्षोत्तर चरणमा पनि समान ढङ्गले लागू गर्नुपर्ने स्वच्छ पुर्पक्षको अवधारणाले माग गर्दछ । यसैले यस शीर्षकअन्तर्गतका संरक्षणलाई खालि पुर्पक्षको चरणका अधिकार वा व्यवस्था भनेर सीमित अर्थ भने गरिनु हुन्न ।

पुर्पक्षपूर्वको चरणमा रहने न्यायिक निगरानीले शङ्कित वा थुनामा राखिएको व्यक्तिको सामान्य मानवीय अवस्थालाई विचलित पार्ने गरी कानुनकै अख्तियारीमा अपराधअनुसन्धाताले गर्न सक्ने दुरुपयोग रोक्ने मात्र काम गर्दछ । यस चरणको न्यायिक निगरानीले स्वतन्त्रता वञ्चित व्यक्तिका खास अधिकारउपर सम्भावित सघन उल्लङ्घनको रोकथाम मात्र गर्दछ । पुर्पक्षको चरण भने पूर्णतः न्यायनिरूपणको चरण हो । यस चरणमा अदालतबाट कानुन र आरोपित कसुरको सूक्ष्म छानबिन गरेर कसुर स्थापित भए दायित्व बहन गराउने र निर्दोषिता कायम भए प्रतिपूर्तिसहित सफाइ दिनुपर्ने कुराको अपेक्षा गरिन्छ ।

औपचारिक तबरले पुर्पक्षको चरण अभियोगको स्थापनाबाट प्रारम्भ हुन्छ । वस्तुगत प्रमाणहरूको न्यायिक परीक्षण, अभियुक्तका प्रतिरक्षात्मक दाबीको स्वच्छतापूर्वकको सुनवाइ र कसुर भए/नभएको निरूपण नै यस चरणमा हुने कार्य हुन् । यस चरणमा पर्पक्षपूर्वका चरणमा अभियुक्तका अधिकारको हनन र संरक्षणको अवस्थाको मूल्याङ्कन र पुनरवलोकन पनि हुन्छ । कसुरको निरूपणपछि सजायको निर्धारणसम्म यो चरण कायम रहन्छ । पुर्पक्षको चरणलाई सुनवाइको चरण पनि भन्ने गरिन्छ । स्वच्छ पुर्पक्षको सिङ्गो अवधारणा नै यही चरणको केन्द्रीयतामा क्रियाशील हुन्छ । यस चरणमा मुख्य गरी निम्नानुसारका संरक्षणहरू रहन्छन् :

## अ) कानुन र अदालतका समक्षमा समानता

पुर्पक्षका समयमा समानताको अधिकारको प्रत्याभूत हुनु स्वच्छ पुर्पक्षका लागि सबै भन्दा महत्वपुर्ण कुरा हो । कानुनको शासनको मान्यतानुसार शासन

कानुनले गर्नुपर्छ र यसको प्रयोगमा पनि मुद्दाका दुवै पक्षलाई समान व्यवहार गरिनुपर्छ । स्वच्छ न्याय प्राप्तिका लागि अदालतमा आएका मुद्दाका दुवै पक्षलाई मुद्दाको आवश्यक तयारी गर्न समान अवसर दिनुपर्दछ । उपचारका सिलसिलामा कुनै पक्षलाई बढी र कुनै पक्षलाई घटी अधिकार एवं सुविधा दिने गरी पुर्पक्ष गरिन्छ भने त्यस्तो पुर्पक्ष स्वच्छ हुँदैन ।

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र**को धारा ७ र १० ले समानताको यस्तो अधिकारलाई मान्यता प्रदान गरेका छन् । घोषणापत्रको धारा ७ मा भनिएको छ : "कानुनको दृष्टिमा सबै समान र विना भेदभाव कानुन को समान संरक्षणका हकदार छन् । यस घोषणापत्रको उलङ्घन हुने गरी वा त्यसको उक्साहटमा गरिएको जुनसुकै भेदभावविरुद्धको संरक्षणमा सबैको समान हक छ"(अजर, २०६१ : ३) । यस मान्यताअनुसार अभियुक्तलाई पुर्पक्षका बेला अदालतबाट पाइने उपचारका सुविधामा जात, धर्म, लिङ्ग, भाषा, सम्पत्ति, राजनैतिक विचार वा अन्य कुनै आधारमा पनि भेदभाव गरिन हुँदैन । यसै गरी फौजदारी अभियोगको निर्धारणमा समानताको अधिकारको प्रत्याभूतिलाई व्यक्त गर्दै घोषणापत्रको धारा १० ले भनेको छ : "प्रत्येक मानिसलाई उसका अधिकार र कर्तव्य तथा उसविरुद्ध कुनै फौजदारी अभियोगको निर्धारणका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानतामा स्वच्छ र खुला सुनुवाइ हुने हक छ" (अजर, २०६१ : ४) ।

खुलापनसहितको पूर्ण समानतामा आधारित खुला र स्वच्छ पुर्पक्षको अधिकारलाई थप स्पष्ट पार्दै **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा १४ (१) ले भनेको छ :

> अदालत र न्यायाधिकरणहरूका सामुन्ने सबै व्यक्ति समान हुनेछन् । हरेक व्यक्तिलाई निजविरुद्ध फौजदारी अभियोग वा कानुनअनुसारको मुद्दामा निजका अधिकार र दायित्वको निर्धारणमा कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट स्वच्छ र खुला सुनवाइ हुने हकाधिकार रहनेछ । प्रजातान्त्रिक समाजमा हुने नैतिकता, सार्वजनिक सुव्यवस्था वा राष्ट्रिय सुरक्षा, वा पक्षहरूको निजी जीवनको हितका लागि आवश्यक भएमा, वा न्यायको हितमा प्रचार वा सार्वजनिकता पूर्वाग्रही हुन सक्ने विशेष परिस्थितिमा अदालतको विचारमा हदै आवश्यक भएका कारणबाट पत्रकारजगत् (प्रेस) तथा सर्वसाधारणलाई पूरै पुर्पच्छेभर वा केही अंशमा बाहेक गर्न सकिनेछ; तर, अल्पवयस्क व्यक्तिको हितले अन्यथा आवश्यक भएको वा वैवाहिक सम्बन्धको विवाद वा बालबालिकाको संरक्षकत्वको कुरामा बाहेक, फौजदारी मामिला वा कुनै मुद्दामा गरिएको निर्णय सार्वजनिक गरिनेछ ।
>
> ***(अजर, २०६१ : २०)***

**नेपाल अधिराज्यको संविधान, २०४७** ले यस अधिकारलाई मौलिक हकका रूपमा समावेश गरी संरक्षण प्रदान गरेको छ । संविधानको धारा ११ मा भनिएको छ : "सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिनेछैन" (काकिव्यस, २०४७ :६) ।

यसै विषयमा सर्वोच्च ***अदालतबाट कालीप्रसाद खनालसमेत वि जिल्ला सरकारी वकिल कार्यालय इनरुवासमेत*** मुद्दामा "वारदातको समान तथ्य र परिस्थिति भएको तथा संलग्नताको स्थिति समेत समान रहेको अवस्थामा सबै प्रतिवादीका हकमा समान प्रकारको थुनछेकको आदेश गर्नुपर्छ" (नेकाप, २०५४ : ३७९) भन्ने सिद्धान्त कायम भएको पाइन्छ । त्यसै गरी ***वेदकृष्ण श्रेष्ठ वि. श्री सेक्रेटरी उद्योग वाणिज्य खाद्य सिविल सप्लाइज विभाग***को मुद्दामा समानताका बारेमा "लालमोहर लगाउँदा श्री ५ महाराजाधिराजले 'हामी' लगायत शब्द प्रयोग गरीबक्सेकोले ऐनको बन्देजमा मौसुफ स्वयम् पनि बस्ने शाही इच्छा प्रकट गरीबक्सेको देखिन्छ । ...सरकारी कर्मचारीलाई पनि सामान्य कानुन नै लाग्ने, छुट्टै ऐन एवं अदालतको प्रश्नै नउठ्ने" (नेकाप, २०१६ : २३४/२४५) भनिएको छ ।

समानताको सिद्धान्त न्यायमा व्यापक रूपले अवलम्बन हुने सिद्धान्त हो । यो फौजदारी कानुनको पनि आधारभूत सर्त भएकाले समानताको सिद्धान्त अवलम्बन नगरिएको पुर्पक्ष स्वच्छ पुर्पक्षको दायराभित्रको ठहर्दैन ।

## आ) कानुनद्वारा स्थापित स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायाधिकरणबाट सुनवाइ हुने प्रत्याभूति

न्यायसम्पादनका लागि न्यायिक स्वतन्त्रता, निष्पक्षता र सक्षमता अत्यावश्यक र अपरिहार्य मानिन्छन् । अभियोग लागेको कुनै पनि व्यक्तिलाई कानुनद्वारा स्थापित स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायाधिकरणबाटै सुनवाइ हुनुपर्ने कुरालाई **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**को धारा १४(१) कै "हरेक व्यक्तिलाई निजविरुद्ध फौजदारी अभियोग वा कानुनअनुसारको मुद्दामा निजका अधिकार र दायित्वको निर्धारणमा कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट स्वच्छ र खुला सुनवाइ हुने हकाधिकार रहनेछ" भन्ने व्यवस्थाले स्पष्ट गरेको छ ।

यसअतिरिक्त पुर्पक्षसम्बन्धी अधिकार यथाशक्य साधारण अदालतबाट प्रयोग गरिनुपर्ने मान्यतालाई पनि स्वीकार गरिएको छ । **न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्त** १९८५ को धारा ५ ले "प्रत्येक व्यक्तिलाई स्थापित कानुनी प्रक्रिया अँगालेर साधारण अदालत वा न्यायाधिकरणबाट पुर्पक्ष हुने अधिकार हुनेछ" (अजर, २०६१ : १९३) भनेको छ ।

यी अन्तर्राष्ट्रिय कानुनका व्यवस्थाले कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणबाट मात्र पुर्पक्षको अधिकारको प्रयोग हुने भनेको  र नेपाल अधिराज्यको संविधान २०४७ को न्यायपालिकासम्बन्धी व्यवस्थामा सिद्धान्ततः यो कुरा स्वीकार गरिए पनि नेपालमा यो प्रत्याभूति जीवन्त छैन ।

नेपालका ८३ भन्दा बढी कानुनले कानुनी शिक्षाको योग्यता हासिल नगरेका र कार्यपालिकीय हस्तक्षेप वा नियन्त्रणमा रहेका अधिकारीबाट समेत फौजदारी आरोप वा अभियोगको निर्धारण गर्ने गरी व्यवस्था कायम राखेका छन् । यसबाट नेपालमा यस प्रत्याभूतिको पूर्णतः परिपालना भएको पाइन्न ।

यसो भए पनि यो स्वच्छ पुर्पक्षका लागि आधारभूत सर्त हो र यसको अपालनासाथ सम्पादित कार्यबाट निर्धारित अधिकार र दायित्वको निर्धारण स्वतः स्वच्छ पुर्पक्षको मापदण्डप्रतिकूल हुन पुग्छ ।



## इ) अभियोगको पूर्ण विवरण प्राप्त गर्ने अधिकार

कानुनले नगर्नू भनेको कार्य गरेमा वा गर्नू भनेको कार्य नगरेमा अपराध भएको मानिन्छ । कुनै कानुनले निषिद्ध गरेको काम गरेको आरोप वा अभियोग लाग्ने व्यक्तिले के कसुर गरेको अभियोग लागेको हो, कुन कानुनअनुसार अभियोग लगाइएको हो र केकस्तो सजायको दाबी गरिएको छ अनि सजायको हद के हो भन्ने कुरा जानकारी पाउनु नितान्त आवश्यक कुरा हो । अभियुक्तलाई आफ्नो कुरा भन्ने मौका दिनका लागि पनि यो जानकारी आवश्यक हुन्छ । यसैले स्वच्छ पुर्पक्षका मापदण्डको रूपमा अभियोगको पूर्ण जानकारी प्राप्त गर्ने अधिकारलाई स्वीकार गरिएको पाइन्छ ।

यस विषयमा **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६** को धारा १४(३) ले स्पष्ट शब्दमा के भनेको छ भने :

> हरेक व्यक्तिलाई निजविरूद्धको फौजदारी अभियोगको निर्धारणमा पूर्ण समानतामा आधारित निम्नानुसारका न्यूनतम प्रत्याभूतिको अधिकार हुनेछ :
>
> (क) आफूविरूद्धको अभियोगको प्रकृति तथा कारण निजले बुझ्ने भाषामा तुरुन्त र पूर्ण विवरणसाथ जानकारी पाउने;
>
> ***(अजर, २०६१ : २१)***

यस विषयमा नेपालको विद्यमान कानुनी व्यवस्था पर्याप्त स्पष्ट छैन । मुलुकी ऐन अदालती बन्दोबस्तको  १२७ नम्बरले अभियोगका सबै कागज सुनाई मतलब सम्झाई बयान लिई वा प्रतिवादी दिने मौका दिने तजबिज मुद्दा हेर्ने अधिकारीलाई सुम्पेको छ । यसो भए पनि सरकारवादी मुद्दामा प्रतिवादी दिने अवसर दिने प्रचलन कायम रहेको छैन । अभियुक्तको बयान लिने क्रममा लागेको अभियोगको छोटो जानकारी दिइए पनि अभियोगको प्रकृति, कारण र सम्भावित परिणामका बारेमा जानकारी दिने चलन छैन ।

उसले सोबारे जानकारी पाउनु अधिकार हो भन्ने हिसाबले होइन, बयान

लिनका लागि पृष्ठभूमिका लागि मात्र यस्तो जानकारीलाई उपयोग गर्ने परिपाटी विद्यमान भएकाले यसबारेमा व्यवहारमा हेरफेर गर्नुपर्ने खाँचो छ ।

## ई) खुला सुनवाइको अधिकार

खुलापन वास्तवमा न्यायको सर्वमान्य आधार हो र अहिले खुलापनलाई न्यायमा मात्र सीमित नराखी सुशासनको अङ्ग मानिएको छ । खुलापनबाट न्यायसम्पानको निष्पक्षताको पनि प्रकटीकरण हुन्छ । खुलापन भनेको सार्वजनिक भीडभाड होइन । यो सरोकारवालालाई सुनवाइमा दिइने सहज पहुँचचाहिँ हो । पक्षहरूलाई समान व्यवहार गर्ने कुरा पनि खुलापनको एक विषय हो । न्यायसम्पादन, अभियोगमा कसुरको निरूपण र सजायको निर्धारण र कार्यान्वयन सार्वजनिक विषय हुन् । यसको सार्वजनिकतालाई खुलापनको माध्यमबाट प्रत्याभूत गरिन्छ । खुलापनबाट नै समाजमा न्यायको अनुभूति हुने हुनाले यसमा जोड दिइने गरेको छ ।




खुलापनलाई मूलभूत मान्यता मानिए पनि केही अवस्थालाई **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**ले पनि अपवादका रूपमा स्वीकार गरेको छ । नेपालमा संवैधानिक हिसाबले खुलापनको कुरा छुट्टै व्यवस्थित भएको छैन तापनि संविधानको धारा ८४ मा राखिएको न्यायका



मान्य सिद्धान्तभित्र यो कुरा समावेश हुन्छ भन्ने अर्थ लाउन सकिने अवस्था भने विद्यमान छ ।

**मुलुकी ऐन २०२०** ले खुला सुनवाइको मान्यतालाई स्वीकार गर्दै खुला इजलास कस्तो प्रकारको हुन पर्छ भन्ने कुराको स्पष्ट व्यवस्था गरेको छ । जसअनुसार अदालती बन्दोबस्तको ६ नं. मा भनिएको छ :

> अड्डाले मुद्दाको कारबाई र फैसला गर्दा खुला इजलासमा गर्नुपर्छ । कसैले अड्डामा आई बेमनासिब काम कुरा गरेमा निजलाई इजलासबाट बाहिर पठाउन सकिनेछ । सो मानिसले फेरि पनि सोही कुरा गरेमा निजलाई सो अड्डाका हाकिमका तजबिजले पचास रूपैयाँसम्म जरिवाना हुन सक्तछ ।
>
> ***(काकिव्यस,२०५९ : ३)***

यो सामान्य नियम हो । यसका केही अपवाद छन् । यस्तो किसिमको खुला र सार्वजनिक सुनवाइबाट पक्षलाई पुनर्पीडनको अवस्था भने सिर्जना हुन हुँदैन । यस कुरालाई मनन गरेर जिल्लाअदालत नियमावली २०५२ मा २०६० सालमा बन्द इजलाससम्बन्धी व्यवस्था र कार्यविधि समावेश गरिएको छ । सोअनुसार यसबारेमा नियम ४६ख मा निम्न व्यवस्था गरिएको पाइन्छ :

**जिल्ला अदालत नियमावली २०५२४६ख. बन्द इजलासको व्यवस्था र कार्यविधि**

१) बालबालिका, जबर्जस्ती करणी, जीउ मास्नेबेच्ने, नाताकायम, सम्बन्धविच्छेदसम्बधी मुद्दा वा खुला इजलासबाट सुनवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनवाइ बन्द इजलासमा हुनेछ ।

२) उपनियम (१) अन्तर्गत बन्द इजलासमा मुद्दाको कारबाई चल्दा सम्बन्धित कानुनव्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्नेछन् ।

३) बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिन हुँदैन ।

४) बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन । तर, अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ ।

***स्रोत : (राजपत्र, २०६० : १९)***

## उ) निर्दोषिता अनुमानको अधिकार

सामान्य अर्थमा निर्दोषिताको अनुमान भन्ने कुराले अपराध गरेकै भए पनि उसलाई निरपराध मान्नु भन्ने जनाउँछ । अपराधअनुसन्धानकर्ता, अभियोजनकर्ता, र अदालत सबैले शङ्कित वा अभियुक्तलाई निर्दोष मान्ने हो भने त अपराधअनुसन्धान, अभियोजन र न्यायनिरूपणको के अर्थ रह्यो र ? निर्दोष मानिएको व्यक्तिलाई त पक्राउ, थुनछेकको प्रक्रिया नै चलाउनु हुँदैन होइन र ? फौजदारी न्यायसम्बन्धी छलफलमा यदाकदा यस्ता प्रश्न आउने गर्छन् । के कुरा यस्तै हो त?

फौजदारी न्यायमा निर्दोषिताको सिद्धान्तले माथिको कुरा भन्न खोजेको भने छैन । निर्दोषिताको अनुमान स्वच्छ सुनवाइको एउटा अधारभूत सिद्धान्त हो । यस सिद्धान्तअनुसार फौजदारी अभियोग लगाइएको हरेक व्यक्तिलाई स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायालयको स्वच्छ सुनुवाइद्वारा वस्तुप्रमाणका आधारमा दोषी स्थापित नगरेसम्म निर्दोष मानेर व्यवहार गरिनुपर्छ । निर्दोषिताको अनुमान शङ्कित वा अभियुक्तको जीवन र मर्यादाको अधिकारको संरक्षणसँग सम्बन्धित छ । कसुर गरेको शङ्का वा अड्कलका आधारमा नै शङ्कित वा अभियुक्तको स्वतन्त्रताको तदर्थ हरण गरिएको हुन्छ । पुर्पक्षपूर्व र पुर्पक्षको चरणको अधिकांश अवधि यही तदर्थ अवस्था हो ।

पुर्पक्षपूर्व र पुर्पक्षको चरणमा उसले कसुर गरेको भन्ने कुरा पनि अनुमानित कुरा नै हो । यस्तो अनुमानित आधारमा गरिएको स्वतन्त्रताको हरणको अवधिमा उसलाई गरिने व्यवहार निर्दोषसरह गरिएन भने पुर्पक्षबाट ऊ निर्दोष साबित भएमा उसलाई दोषी मानेर गरिएको व्यवहारको उसलाई कसरी सोधभर्ना दिने ? यसैले कसुर गरेको अनुमानमा गरिएको अनुसन्धान, अभियोजन र पुर्पक्षको अवधिभर उसलाई निर्दोष मानेर गरिने व्यवहारबाट सन्तुलन कायम गरिने सिद्धान्तबाट निर्दोषिताको अनुमानको मापदण्ड अनुप्राणित हुन्छ ।

यस सिद्धान्तले अभियुक्तको एक्लो व्यक्तित्वविरुद्ध समाजको बलको दुरुपयोग हुने खतराबाट मानिसको संरक्षण गर्दछ । यस अधिकारलाई संरक्षण गर्दै **मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८** को धारा ११ ले भनेको छ : "दण्डनीय कसुरको आरोप लागेको प्रत्येक मानिसलाई उसको प्रतिरक्षाका आवश्यक सबै प्रत्याभूतिसहितको कानुनअनुसारको खुला पुर्पक्षबाट दोषी प्रमाणित नहुन्जेलसम्म निर्दोष मानिने अधिकार छ" (अजर,२०६१ : ४) ।

निर्दोषिताको अनुमान थुनामा राखिने व्यवहारसँग पनि प्रत्यक्ष गासिँएको छ । **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा १० को व्यवस्थाले यही कुरा दर्साएको छ । यसको उपधारा २ (क) मा "अभियोग लागेका व्यक्तिलाई अपवादजनक स्थितिमा बाहेक सजाय ठेकिएका व्यक्तिबाट अलग्ग राखिनेछ र सजाय नठेकिएका व्यक्तिसरहको तिनको हैसियतमिल्दो भिन्न व्यवहार गरिनेछ" (अजर, २०६१ : १९) भनिएको छ ।

त्यसै गरी **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा १४(२) ले निर्दोषिताको अनुमानलाई फौजदारी न्यायप्रशासनको क्रियान्वयनमा लागू गर्नुपर्ने आधारभूत सर्त किटान गरेको छ । "फौजदारी कसुरको अभियोग लागेको हरेक व्यक्तिलाई कानुनअनुसार दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ "(अजर, २०६१ : २१) ।

**जुनसुकै स्वरुपको थुनछेक वा कैद सजाय अर्न्तगतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह**को सिद्धान्त ३६(१) मा भनिएको छ :

फौजदारी कसुर गरेको आशङ्का गरिएको वा अभियोग लगाई थुनिएको व्यक्तिलाई निर्दोष मानिनेछ र निजको प्रतिरक्षाका आवश्यक सबै प्रत्याभूति भएको कानुनअनुसारको सार्वजनिक पुर्पच्छेद्वारा दोषप्रमाणित नभएसम्म निजलाई त्यसैअनुरूप व्यवहार गरिनेछ ।

***(अजर, २०६१ : ८७)***

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा फौजदारी न्यायसम्बन्धी हकलाई मौलिक हक कायम गरी विभिन्न अधिकारलाई समेटिएको भए पनि निर्दोषिताको अनुमानलाई हककै रूपमा स्थापित गरेको छैन। फौजदारी न्यायप्रक्रियालाई कानुनी आधार प्रदान गर्ने **सरकारी मुद्दासम्बन्धी ऐन २०४९** र **मुलुकी ऐन २०२०** ले पनि यसलाई कानुनी अधिकारको रूपमा छुट्टै स्थान दिएका देखिँदैन।

यस अधिकारको संरक्षण भएन भनेर संरक्षणको माग गरिएका उदाहरणीय मुद्दा पनि अदालतमा परेको कुरा प्रकाशमा आएको छैन। तथापि सर्वोच्च अदालतबाट यस सिद्धान्तको मान्यता रहेको व्याख्या भने भएको छ। **रवीन्द्र भट्टराई वि. श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय** मुद्दामा भनिएको छ :

कुनै व्यक्ति अभियोग प्रमाणित नभएसम्म निज बेकसुर मानिनेछ (A Man is Presumed to be Innocent Until Proved Guilty) भन्ने फौजदारी न्यायसिद्धान्तको मूलभूत मान्यता रहिआएको सन्दर्भमा अभियोग लाग्नासाथ त्यो व्यक्तिलाई कसुरदार मानी अग्रसर हुनु न्यायोचित होइन ।

**(नेकाप, २०५५ : ६१८)**



## ऊ) आत्मअपराधीकरणविरुद्धको संरक्षण

कसैले कसुर गर्छ भने त्यसमा वस्तुगत मूल्याङ्कनबाट सजायको भागीदार उसले बन्नुपर्छ। कसुर गरेको कुराचाहिँ तटस्थतापूर्वक वस्तुनिष्ठ हिसाबले प्रमाणित हुनुपर्छ भन्ने फौजदारी न्यायको मान्यता रहेको छ। कसुर गरेको कुरा कसुरदारकै कथनका सापेक्षतामा प्रमाणित गरेर भने कसैलाई सजाय गर्न सकिन्न भन्ने अवधारणालाई आत्मअपराधीकरणविरुद्धको संरक्षणसम्बन्धी मान्यताले जीवन्त बनाउँछ।

कसैले अपराध गर्छ र अपराध गरेको कुरा स्वैच्छिक रूपमा सकार्दछ भने त्यो उसको इच्छाको विषय हो। तर, समाजको बल प्रयोग गर्ने राज्यका कुनै पनि निकायले उसलाई मैले कसुर गरेको हुँ भनेर करार गराउन हुँदैन भन्ने सिद्धान्त नै स्वच्छ पुर्पक्षको आत्मअपराधीकरणविरुद्धको संरक्षणको मापदण्ड हो। आत्मअपराधीकरणविरुद्धको संरक्षण मौनताको अधिकारसँग जोडिएको छ। अपराध प्रमाणित गर्ने भार अभियोजन पक्षको हुन्छ भन्ने सिद्धान्त पनि यससँग जोडिएको अर्को मान्यता हो।

यस मापदण्डअन्तर्गत दुइटा महत्वपूर्ण संरक्षण समेटिन्छन्। ती हुन् :

- **करकापजन्य साबितीविरुद्धको अधिकार; र**
- **आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार।**

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा ३ मा न्यूनतम प्रत्याभूतिका रूपमा यसलाई समावेश गरी भनिएको छ :

"हरेक व्यक्तिलाई निजविरुद्धको फौजदारी अभियोगको निर्धारणमा पूर्ण समानतामा आधारित निम्नानुसारका न्यूनतम प्रत्याभूतिको अधिकार हुनेछ : ... (छ) आफ्नै विरुद्धमा प्रमाण दिन वा दोषमा साबित हुन बाध्य हुनु नपर्ने"

***(अजर, २०६१ : २१ - २२) ।***

यसै गरी **जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह १९८८** को सिद्धान्त २१ मा निम्न कुरा उल्लेख गरेर आत्मअपराधीकरणविरुद्धको संरक्षणको सिद्धान्तलाई पुर्पक्षपूर्व, पुर्पक्ष र पुर्पक्षोत्तर सबै चरणको सारवान अधिकारका रूपमा सुनिश्चित गर्ने सङ्कल्प गरिएको छ :

> १. साबित हुन बाध्य गराउने, अन्यथा आत्मापराधीकरण गराउने वा अन्य कुनै व्यक्तिविरूद्ध जाँच गराउनेजस्ता उद्देश्यले थुनिएको वा कैद ठेकिएको व्यक्तिको स्थितिको नाजायज फाइदा लिने कुरालाई बर्जित गरिनेछ ।
>
> २. थुनिएको व्यक्तिलाई सोधपुछ गर्दा हिंसा, डरत्रास र निजको निर्णय गर्ने क्षमतालाई कमजोर पार्ने सोधपुछ-विधिको भागीदार बनाइनेछैन ।
>
> ***(अजर, २०६१ : ९४)***

आत्मअपराधीकरणविरुद्धको संरक्षण र मौनताको अधिकारलाई स्वीकार गर्दै **नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १४ (३) मा "कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्नेछैन" (काकिव्यस, २०४७ : ८) भनिएको छ । यो संवैधानिक संरक्षणका अतिरिक्त **नागरिक अधिकार ऐन, २०१२** को दफा ११(३) मा भनिएको छ : "कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्ने छैन"(श्रेष्ठ, २०५३ : ४५५) ।

सर्वोच्च अदालतबाट यस सम्बन्धमा न्यायिक सिद्धान्त प्रतिपादन भइसकेको छ । ***चन्द्र ब.नेपाली वि. मन्त्रिपरिषद् सचिवालय***समेतको मुद्दामा भनिएको छ :



> आफ्नो विरूद्ध आफै साक्षी हुनु नपर्ने संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नो विरूद्ध बोल्न बाध्य हुँदैन । अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा बोल्छ भने सो कुरा निजको समर्थनमा वा विरूद्धमा प्रमाण लाग्न सक्छ । कुनै व्यक्ति केही पनि नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन । उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइँदैन ।
>
> ***(सअ, २०५१ : १)***

**प्रमाण ऐन २०३१** को दफा ९ ले अदालतबाहिर भएको साबिती करकापजन्य नभएको स्थितिमा मात्र प्रमाणमा लिने भनेको छ। यता परम्परित अभ्यासचाहिँ वि.सं. १९१० को मुलुकी ऐनको कायलनामा गराउनेको महलबाट निर्देशित भइआएको छ। पहिले अभियुक्त साबित भएर कायलनामा सही नगरेसम्म न्यायाधीशले सजाय तोक्दैनथे। यसबारेमा कानुनी इतिहासकार खनाल (२०५९) ले भनेका छन् :

> फौजदारी मुद्दामा अभियुक्तलाई दोषी सिद्ध गर्ने धेरै प्रमाण प्राप्त भए पनि उसले साबिती बयान नदिएसम्म दण्ड गरिँदैनथ्यो । ... प्रमाणले दोषी देखिएमा कायलनामा नलेखेसम्म थुनामा कष्ट दिएर भए पनि राखिन्थ्यो । ... अभियुक्त अरू प्रमाणबाट कसुर गरेको देखिएमा अभियुक्तलाई कायलनामा लेख्न न्यायकर्ताले कर लगाउन सक्दथ्यो ।
>
> ***(खनाल, २०५९ : ३०३/३०४)***

यो परम्पराको निरन्तरता अहिले पनि प्रहरी कार्यालयमा कायम भएकाले साबितीका लागि यातना दिने गरिन्छ भन्ने कुरा केही अध्ययनले औँल्याएका

छन् । "नेपालको अदालतमा साबितीलाई दोषी सिद्धगर्ने उपयुक्त प्रमाणको रूपमा लिने गरिएको छ जुन साबिती त्रास, करकाप, अमानवीय व्यवहारबाट प्राप्त गरिएको हुन्छ" (सेलर्ड, २००३ : ४६) ।

आत्मअपराधीकरणविरुद्धको संरक्षणका लागि भारतीय फौजदारी कार्यविधिमा म्याजिस्ट्रेटलाई निम्न मार्गदर्शन गरिएको पाइन्छ :

- म्याजिस्ट्रेटले अभियुक्तलाई परिचय दिएर भयमुक्त वातावरणमा राख्ने;
- प्रहरी हत्कडी हटाई प्रहरीको नियन्त्रणबाट अलग्ग गर्ने;
- अभियुक्तका अधिकारका बारेमा जानकारी दिने;
- अभियुक्तले कार्यालय भाषा नबुझ्ने भएमा दोभासेको सहायता दिने;
- बयान लेख्न सक्नेलाई आफै बयान लेख्न दिने;
- कानुनव्यवसायीको सहयोग चाहेमा उपलब्ध गराइदिन सहयोग गर्ने;
- मानसिक तथा शारीरिक दबाबको वातावरणबाट मुक्त राख्ने आदि ।

***स्रोतः (पिलाई, २००२ : १४९ - १६० मा उल्लिखित विवरणबाट सारांशकृत)***

## ए) अनुचित ढिलाइविना पुर्पक्षको अधिकार

अभियोगमा कसुरको निर्धारण औपचारिक प्रक्रिया हो । यसो हुनाले निश्चित औपचारिकतासहित अपराधको अनुसन्धान, अभियोजन र पुर्पक्षका प्रक्रियाका निमित्त केही समय स्वाभाविक रूपले आवश्यक हुन्छ । यसैले उचित विलम्ब न्यायका लागि आवश्यक भएकाले "जस्टिस हरिड इज जस्टिस बरिड" भन्ने कथन सुन्न पाइन्छ । यस्तै गरी अनुचित विलम्ब गरिएमा पनि न्यायको इन्कारी हुन्छ; यसैले भनिन्छ "जस्टिस डिलेड इज जस्टिस डिनाइड" ।



अनुचित ढिलाइविनाको पुर्पक्षको संरक्षणले न्यायसम्पादनप्रक्रियामा सम्बद्ध निकायहरूले तदारुकतापूर्वक कार्यसम्पादन गर्नुपर्ने कुराको माग गर्दछ । यसले अभियुक्तको स्वतन्त्रताको अधिकारलाई उपेक्षा गर्ने गरी गरिन सक्ने सम्भावित जथाभावी र मनोमानीपूर्ण ढिलासुस्तीविरुद्ध संरक्षण प्रदान गर्नुपर्ने कुरा औंल्याउँछ । यसैले अविलम्ब पुर्पक्ष गरी दोषी वा निर्दोषी हैसियत निर्धारण हुनुपर्ने अधिकारको जगेर्नाका लागि यो संरक्षण स्वच्छ पुर्पक्षको मूलभूत मापदण्ड हो ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १४ को उपधारा ३ ले स्वच्छ पुर्पक्षका न्यूनतम ग्यारेन्टीमध्ये "अनुचित ढिलाइविना पुर्पच्छे गरिने" कुरालाई एक मानेको छ । अनुचित विलम्बविरुद्धको संरक्षण पुर्पक्षपूर्व अर्थात् अपराधको अनुसन्धानकै चरणबाट क्रियाशील हुने कुरा हो ।

अनुसन्धानको क्रममा भएको ढिलाइबारेमा सर्वोच्च अदालतले ***रुद्रसिंह ठकुरी वि. श्री ५ को सरकार*** को मुद्दामा "मुद्दामा अनुसन्धान कार्य गर्दागर्दै अनुसन्धानको कार्य समाप्त नभएको अवस्थामा मात्र कानुनले तोकेको म्याद थप गर्नुपर्ने हुन्छ, अन्य शान्तिसुरक्षाको कामव्यस्तताले गर्दा अनुसन्धान पूरा नभएको अवस्थामा म्याद थप हुन सक्तैन" (इन्सेक, १९९६ : ४) भनेको छ ।

नेपालमा अनुचित ढिलाइविरुद्धको संरक्षणलाई मौलिक हकका रूपमा संवैधानिक प्रत्याभूति प्रदान गरिएको देखिन्न । कानुनी परम्परामा भने यसलाई वरण गर्दै आइएको छ । यसबारेमा कानुनको निर्देशन यस प्रकार देखिन्छ :

**मुलुकी ऐन अदालती बन्दोबस्तको महल**

**१३ नं. ॥ ॥** अड्डाले कानुनबमोजिम आफूले गर्नुपर्ने कामकारबाई तोकिएको समयमा गर्नुपर्छ । ढिला गर्नु हुँदैन ।

**१४ नं. ॥ ॥** मुद्दा फैसला गर्दा देहायमा लेखिएको म्यादभित्र फैसला गर्नुपर्छ..............................

सुरू मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्षभित्र फैसला गर्नुपर्छ ................................................................१

> पुनरावेदन फैसला गर्दा सुरु मिसिल प्राप्त भएको मितिबाट छ महिनाभित्र फैसला गर्नुपर्छ ..........................................................२
>
> बुझ्नुपर्ने प्रमाण बुझिसकेपछि माथि लेखिएबमोजिम फैसला गर्ने म्याद बाँकी भए पनि मुद्दा फैसला गर्नलाई ३५ दिन भन्दा ढिलो गर्नु हुँदैन..........................................................३
>
> ***स्रोत : (काकिव्यस, २०५९ : ६ - ७)***

यस्तो व्यवस्था भए पनि यस कानुनी व्यवस्थाको पालना फौजदारी मुद्दामा राम्ररी भएको छैन। विना ढिलाइ पुर्पक्ष हुने अधिकारलाई कतिपय अवस्थामा अदालतका सामान्य प्रक्रियागत आधारमा उपेक्षा गर्ने गरिएको आरोप लाग्ने गरेको छ।

## ऐ) भूतलक्ष्यी कानुनको कार्यान्वयन र कानुननिरपेक्ष अधिक सजायमा निषेध

भूतलक्ष्यी कानुनको कार्यान्वयन र कानुननिरपेक्ष अधिक सजायमा निषेधको सिद्धान्त कानुनी स्थिरताको सिद्धान्तबाट उत्पन्न हुन्छ। काननी स्थिरताको सिद्धान्तले भविष्यतर्फ लक्षित कानुनको परिकल्पना गर्दछ। पहिले कसुर नभएको कुरालाई पछि बनेको कानुनले कसुर बनाएर सजाय गर्ने कुरालाई यसले मनाही गर्दछ। **मानवअधिकारको विश्व व्यापी घोषणापत्र १९४८** को धारा ११(२) अनुसार "कसैलाई पनि निजले कुनैकार्य गरेको वा नगरेको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनले सो कार्य सो कार्य वा अकार्य लाई दण्डनीय अपराध कायम नगरेको अवस्थामा दण्डनीय कसुरको दोषी बनाइने छैन। कसुर गर्दाको समयमा कायम रहेको भन्दा बढी सजायको भागीदार पनि बनाइने छैन"(अजर, २०६१ : ४ )।

कुनै पनि कार्य अपराध हुनलाई प्रचलित कानुनले निषेध गरिएको कार्य हुनुपर्ने र कानुनले तोके भन्दा बढी सजाय दिन नमिल्ने कुरालाई **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** ले पनि किटान गरेको छ। सो अनुबन्धको धारा १५(१) मा भनिएको छ :

> त्यस्तो कार्य गर्दाका समयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनअन्तर्गत सो कार्य वा अकार्य कसुर कायम रहेको थिएन भने त्यसका आधारमा कसैलाई कुनै फौजदारी कसुरको दोषी बनाइनेछैन । अनि, फौजदारी कसुर भएका समयमा लागू रहेको भन्दा बढी सजाय पनि गरिनेछैन । कसुर गरेपश्चात् कानुनद्वारा कम सजाय हुने व्यवस्था भएमा त्यसको सुविधा कसुरदारले पाउनेछ ।
>
> ***(अजर, २०६१ : २२)***

यस मापदण्डले निम्न कुरास्पष्ट पारेको छ :

(क) प्रचलित कानुनले बर्जित गरेको कार्य गरेमा मात्र अपराध हुन्छ;

(ख) पहिले भएगरेका कुनै कार्यलाई पछि कानुन बनाई अपराध घोषण गरेर मुद्दा चलाउन पाइँदैन;

(ग) प्रचलित कानुनले तोकेको हदभन्दा बढी सजाय गर्न पाइँदैन;

(घ) मुद्दा चलिरहेको अवस्थामा विद्यमान कानुनले तोकेको सजाय कम भएको महसुस गरी बढी सजाय निर्धारण गर्ने गरी कानुन बनाउन पाइँदैन;

(ङ) पछि कानुन बदलिएर कम सजाय भयो भने त्यसको सुविधा कसुरदारले पाउँछ ।

**नेपाल अधिराज्यको संविधान, २०४७** को धारा १४ (१) ले ''तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागीदार हुनेछैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन'' (काकिव्यस, २०४७ : १०) भनेर यस संरक्षणलाई मौलिक हकको मान्यता दिएको छ ।

यसै विषयलाई लिएर सर्वोच्च अदालतले पनि न्यायिक सिद्धान्त स्थापना गरेर यसलाई थप सबल बनाउने प्रयास गरेको छ। ***शम्भुलाल अमात्य वि. भोटे***

***कान्छा महर्जन***को मुद्दामा भनिएको छ :

> नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ (१) मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुनेछैन भन्ने व्यवस्था भएको पाइन्छ । ऐनकानुनको आधार नखुलाई दफा आदि उल्लेख नगरी जरिवाना सजाय गर्नु संविधानको धारा १४(१) विपरीत हुन्छ ।
>
> **(नेकाप, २०५२ : १४१)**

त्यसै गरी ***किरण श्रेष्ठ वि. काठमाडौँ जिल्लाअदालत*** को मुद्दामा भनिएको छ :

> संविधान को धारा १४(१) मा कुनै पनि व्यक्तिको कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन भन्ने प्रावधान रहेको छ । सोको विपरीत पछि बनेको कानुनको हद लगाई थुनामा राख्न मिल्दैन ।
>
> ***(सअ, २०५२ : ११)***

## ओ) कारबाई तथा सजायको पुनरावृत्तिविरुद्धको संरक्षण

कानुनको स्थिरताको सिद्धान्तले फौजदारी कारबाई चलाई न्यायिक निकायले पुर्पक्ष गरी सजाय वा सफाइ दिएपछि सोही कुरामा कारबाई र सजायको पुनरावृत्तिलाई निषेध गर्दछ। यो कुरा अन्तिम किनारा भएको मुद्दामा लागू हुने मापदण्ड हो। यसले पुनरवलोकन वा पुनरावेदनको पक्षलाई भने निषेध गर्दैन।



फौजदारी न्यायको सिद्धान्तमा यसलाई दोहोरो खतराविरुद्धको संरक्षणका रूपमा पनि व्याख्या भएको पाइन्छ। यस सन्दर्भमा **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा १४ को उपधारा ७ मा भनिएको छ : "हरेक मुलुकको कानुन र दण्डविधिअनुसार अन्तिम रूपले सजाय ठेकिएको वा सफाइ पाइसकेको कसुरमा कसैलाई पनि फेरि पुर्पच्छेका लागि दायित्व बहन गराइने वा सजाय गरिनेछैन" (अजर, २०६१ :२२)।

**नेपाल अधिराज्यको संविधान २०४७** को धारा १४(२) मा भनिएको छ : "कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिनेछैन" (काकिव्यस, २०४७ : १०)। **मुलुकी ऐन** अदालती बन्दोबस्तको ८५ नम्बरमा भनिएको छ : "अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाँउको फिरादपत्र लिइ सुन्न हुँदैन। लिएको भए पनि खारिज गरिदिनुपर्छ" (काकिव्यस,२०५९ : ३४)। **नागरिक अधिकार ऐन २०१२** को दफा ११(२) ले यस विषयमा प्रष्ट पार्दै भनेको छ "कुनै व्यक्तिउपर एकै अपराधमा एक पटकभन्दा बढ्ता मुद्दा चलाइने र दण्डसजाय गरिनेछैन" ( श्रेष्ठ, २०५३ : ४५५)।

दोहोरो खतराविरुद्धको यस संरक्षणका हकमा नेपालको सन्दर्भमा केही अस्पष्टता विद्यमान छन्। एकै घटनाबाट उत्पन्न कसुरलाई फरकफरक ऐनले अपराध परिभाषित गरेको अवस्थामा भिन्नभिन्न मुद्दाको कारबाई चल्नु र सजाय हुनुलाई नेपालको दण्डसजायसम्बन्धी कानुनी प्रावधान, यो सिद्धान्त र **कानुनव्याख्यासम्बन्धी ऐन २०१०** को दफा २५ को व्यवस्थासमेतलाई विवेचना गरी ठोस र स्पष्ट सिद्धान्त प्रतिपादन हुनुपर्ने अवस्था देखिन्छ।

## औ) उपस्थितिमा पुर्पक्ष गरिने र कानुनव्यवसायीद्वारा पुर्पक्ष हुने अधिकार

पुर्पक्ष अभियुक्तको सामुन्नेमा हुनुपर्छ र पुर्पक्षका हरेक क्रियाकलापलाई उसले प्रत्यक्ष अवलोकन गर्न पाउनुपर्छ भन्ने कुरा फौजदारी न्यायको आधारभूत सर्त हो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १४ को उपधारा ३ ले यसलाई आधारभूत न्यूनतम प्रत्याभूति मानेको छ। यस प्रत्याभूतिमा निम्न कुरा समेटिएको छ : "आफ्नो उपस्थितिमा पुर्पच्छे हुने र आफै वा राजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्न पाउने; कानुनी

सहायता नभएमा यो अधिकारको जानकारी पाउने; र न्यायको हितले आवश्यक भएमा जुनसुकै मामिलामा निजका हकमा कानुनी सहायता पाउने, र निजसित पर्याप्त स्रोतसाधन नभएमा यस्तो कुनै पनि मामिलामा कानुनी सहायता निःशुल्क हुने'' (अजर, २०६१ : २१)।

**नेपाल अधिराज्यको संविधान २०४७** को धारा १४ ले भनेको छ

> पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिनेछैन र त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिनेछैन ।
>
> ***(काकिव्यस,२०४७ : ११)***

आफूले रोजेको कानुनव्यवसायीको सहायता प्राप्त गर्ने कुरालाई मौलिक हक माने पनि नेपाल अधिराज्यको संविधानले कानुनी सहायता पाउने कुरालाई मौलिक हकका रूपमा ग्रहण गरेको छैन। कानुनी सहायतालाई राज्यको निर्देशक सिद्धान्तअन्तर्गत राखिएको छ। कानुनी सहायता प्राप्त गर्ने अधिकारलाई प्रत्याभूत गर्न **कानुनी सहायतासम्बन्धी ऐन २०५४** आएको भए पनि यसले फौजदारी अभियोगमा कानुनव्यवसायीको सहयोग प्राप्त गर्न असमर्थलाई कानुनी सहायता निःशुल्क उपलब्ध हुने व्यवस्था गरेको छैन।

## अं) साक्षी तथा प्रमाणपरीक्षणको अधिकार

"आफूविरुद्धका साक्षीको परीक्षण गर्ने-गराउने र आफूविरुद्धका साक्षीजस्तो समान अवस्थामा आफ्ना साक्षी उपस्थित तथा परीक्षण गर्ने-गराउने''(अजर, २०६१ : २१) कुरालाई नागरिक तथा **राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६** को धारा १३ को उपधारा ३ ले स्वच्छ पुर्पक्षको न्यूनतम प्रत्याभूतिको एक महत्त्वपूर्ण विषय मानेको छ।

नेपालमा यो कुरालाई फौजदारी अभियोग लागेको व्यक्तिका विपक्षका



साक्षीहरूलाई जिरह गर्न पाउने अधिकारलाई **प्रमाण ऐन २०३१** को दफा ५० (१) ले स्पष्ट रूपमा प्रत्याभूत गर्दै "कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो,सो पक्षले निजसँग सोधपुछ गर्न सक्नेछ। त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ'' (श्रेष्ठ,२०५३ : ११६)।

## अः) दोभासेको सेवा पाउने अधिकार

भाषा मानिसको सञ्चारको सशक्त माध्यम हो ता पनि मानिसको भाषिक क्षमता सीमित हुन सक्छ। मातृभाषामा सञ्चार गर्नु मानिसका लागि स्वाभाविक र सहज कुरा भए पनि सबैले सम्पर्क वा कार्यालयीय भाषा जान्ने कुरा सम्भव हुँदैन। यसैले आफूले बुझ्ने भाषामा कार्यव्यापार होस् भन्ने माग गर्नु मानिसको नैसर्गिक अधिकारमा पर्ने कुरा हो।

फौजदारी अभियोगको कसुर लागेको कुनै पनि व्यक्तिले पुर्पक्षको बेला अड्डा अदालतमा प्रयोग भएको भाषा बुझ्न वा बोल्न नसकेमा उसका लागि अदालतले निःशुल्क रूपमा दोभासेको सुविधा उपलब्ध गराउनुपर्छ भन्ने मापदण्ड पनि स्वच्छ पुर्पक्षको अहरणीय सर्त हो। **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**को धारा १४ को उपधारा ३ ले "अदालतमा प्रयुक्त भाषा निजले बुझ्न वा बोल्न नसक्ने भएमा दोभासेको निःशुल्क सहयोग पाउने'' (अजर, २०६१ : २१) कुरालाई न्यूनतम प्रत्याभूतिको विषय बनाएको छ।


नेपाल कानुनमा भने भाषासम्बन्धी प्रश्न र दोभासेको सहयोगको बारेमा हालसम्म खास व्यवस्था हुन सकेको देखिन्न। व्यवहारमा अदालतले विदेशी (खास गरी युरोपेली)लाई यो सुविधा दिए पनि यसलाई अधिकारको रूपमा स्वीकार गरेको देखिन्न।

# ५

## पुर्पक्षोत्तर चरणमा लागू हुने मापदण्ड

पुर्पक्षको चरणको समाप्तिले अभियुक्त कि त निर्दोष रहेको किटान हुन्छ कि त दोषी ठहरेर सजायको दायित्वको भागीदार बन्न पुग्छ । यसैले पुर्पक्षोत्तरको चरणमा पनि स्वच्छ पुर्पक्षका अधिकार र मापदण्डको अर्थ रहन्छ ।

सुरु तहको इन्साफबाट मुद्दाको फैसलासँगै पुर्पक्षको चरण समाप्त हुन्छ। पुर्पक्षको चरणको समाप्तिले कि त अभियुक्तलाई फुर्सद दिएर फौजदारी न्यायप्रणालीबाट स्वतन्त्र जीवनतर्फ पठाउँछ कि त न्यायप्रणालीभित्रकै पुर्पक्षोत्तरको चरणमा अवतरण गराउँछ। फैसला हुँदा सफाइ पाए अभियुक्त यो प्रणालीबाट बाहिरिन्छ सजाय पायो भने पुर्पक्षोत्तर चरणतर्फ लाग्छ।






पुर्पक्षको चरणको समाप्तिले अभियुक्त कि त निर्दोष रहेको किटान हुन्छ कि त दोषी ठहरेर सजायको दायित्वको भागीदार बन्न पुग्छ। यसैले पुर्पक्षोत्तरको चरणमा पनि स्वच्छ पुर्पक्षका अधिकार र मापदण्डको अर्थ रहन्छ।

## अ) सफाइ पाउनेको स्वच्छ पुर्पक्षको अधिकार

पुर्पक्षबाट कुनै पनि अभियुक्तले सफाइ पाउनासाथ ऊ पूर्णतः निर्दोष प्रमाणित हुन पुग्छ। यसबाट पुर्पक्षपूर्व र पुर्पक्षको चरणमा निर्दोष अनुमान गरी सोही हैसियतमा व्यवहार नगरिएको रहेछ भने त्यस्ता असङ्गत व्यवहारविरुद्ध कानुनी कारबाईको अधिकार निजका हकमा खुला हुन्छन्। यस्तो निर्दोषिता तथ्य वा न्यायोचित प्रतिरक्षाका आधारबाट स्थापित हुने हुनाले यस अवस्थामा उसले निम्न अधिकारको हननमा कानुनी उपचार प्राप्त गर्नुपर्छ :

- **गैरकानुनी गिरफ्तारी र थुनछेकको क्षतिपूर्ति**

  एक पटक अभियोग लगाएर फौजदारी न्यायप्रक्रियाभित्र ल्याइएको व्यक्तिले सफाइ पाएको अवस्थाले राज्यबाट निर्दोष व्यक्तिको स्वतन्त्रता अकारण हरण भएको तथ्य स्थापित हुन्छ। यस्तो अवस्थामा एक स्वतन्त्र व्यक्तिको गुमेको समय र स्वतन्त्रतालाई फिर्ता गर्न सकिने अवस्था हुँदैन। यस अवस्थामा राज्यद्वारा व्यक्तिमाथि अन्याय थोपरिन पुग्छ। **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**को धारा ९ को उपधारा ५ ले यस्तो अवस्थामा क्षतिपूर्तिको प्रचलनकारी अधिकार प्रत्याभूत गरेको छ। सो उपधारामा भनिएको छ : "कानुनअसङ्गत गिरफ्तारी वा थुनछेकबाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ"(अजर, २०६१ : १९)। यस अधिकारभित्र अनुचित विलम्ब गरी न्यायमा गरिएको ढिलाइ, पक्राउ वा थुनछेकका क्रममा प्रत्याभूत वकिल राख्न पाउने आदि संरक्षणजस्ता स्वच्छ पुर्पक्षका मूलभूत अधिकारको हननविरुद्ध क्षतिपूर्ति माग्नेलगायतका हक पर्दछन्।

  नेपालमा अभियोग लागेर सफाइ पाउनेले गैरकानुनी गिरफ्तारी र थुनछेकबाट गुमाउनुपरेका आफ्नो स्वतन्त्रता र त्यसबाट अपहृत भएका अवसरको बारेमा अन्तर्राष्ट्रिय मापदण्डले निर्देश गरेअनुरूपको क्षतिपूर्ति पाउने स्पष्ट कानुनी व्यवस्था छैन। यसका लागि उचित कानुनी, न्यायिक र प्रशासनिक प्रबन्ध गर्नुपर्ने दायित्व नेपालमाथि रहेको छ।

- **स्वास्थ्य तथा मनोसामाजिक उपचार र सामाजिक सुरक्षा**

गैरकानुनी थुनछेकको सिकार भएको व्यक्ति पुर्पक्षबाट निर्दोष कायम भएपछि उसको स्वतन्त्रताको अधिकारमाथि राज्यले अनावश्यक आक्रमण गरेको तथ्य स्थापित हुन पुग्छ। यस्तो अवस्थामा अभियुक्त बनाइएको व्यक्ति **अपराध र अख्तियारको दुरुपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र १९८५** को धारा १८ अन्तर्गत अख्तियारदुरुपयोगको पीडितको परिभाषाभित्र पर्दछ। यस घोषणापत्रको धारा १९ ले "उपचारमा प्रतिपूरण र/वा क्षतिपूर्ति एवं आवश्यक सामग्री, औषधोपचार, मनोवैज्ञानिक र सामाजिक सरसहायता तथा टेवा"(अजर, २०६१ : १९०) लाई समेट्न सिफारिस गरेको छ।

यो अधिकारको बारेमा नेपाल कानुनमा उल्लेख्य व्यवस्था छैन। यस कुरालाई ख्याल राखेर कानुनी, न्यायिक तथा प्रशासनिक उपाय कसरी व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ भन्नेतिर ध्यान दिन आवश्यक छ।

## आ) दोष कायम हुनेको अधिकार

सुरु अदालतबाट अभियुक्तलाई प्रमाणका आधारमा दोषी प्रमाणित गर्नुभनेको अभियुक्तले फौजदारी कानुनको उल्लङ्घन गरेको तथ्य स्थापित हुनु हो। यसबाट पुर्पक्षपूर्व र पुर्पक्षका चरणमा उसलाई उसका स्वतन्त्रतामा अङ्कुश लगाइएको वा सोबाट वञ्चित गरिएको कार्यको औचित्य स्वाभाविक रूपमा स्थापित हुन्छ। पुर्पक्षको चरणमा उसलाई कसुरको मात्रा र गम्भीरतासँग समानुपाती किसिमको सजाय भएका अवस्थामा सो सजायको कार्यान्वयको औपचारिक थालनी यस चरणको आरम्भबाटै हुन्छ।

यस कारणले यस चरणमा उसका स्वतन्त्रताका अधिकारहरूको न्यायोचित तरिकाबाटै सङ्कुचन हुने हुनाले उसले स्वतन्त्र व्यक्तिसरह सबै अधिकारको प्रचलन गर्ने दाबी लिन पाउने अवस्था हुँदैन। तथापि, यस चरणमा पनि उसका जीवन र मर्यादासम्बन्धी अधिकारको भने हरण वा निलम्बन गर्न सकिन्न। यस चरणमा उसका खास गरी तीन समूहका अधिकारहरू अकाट्य रहन्छन्। ती हुन्: पुनरावेदन तथा सजायन्यूनीकरणको अधिकार; मानवोचित र मर्यादायुक्त सुधार तथा पुनःस्थापनाको अधिकार; र न्यायअपयोजनमा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार।



- **पुनरावेदन तथा सजायन्यूनीकरणको अधिकार**

पुनरावेदनको अधिकारले न्यायसम्पादनमा हुनुपर्ने स्वच्छतालाई स्थापित गर्नमा योग्यता, क्षमता र परिपक्वतायुक्त पुनःप्रशोधनलाई औचित्यपूर्ण बनाउँछ। न्यायको मूल मर्म बरु दोषी छुटोस् तर निर्दोषले अनाहक स्वतन्त्रता गुमाउनु नपरोस् भन्ने हो। यस कारण सुरु तहको इन्साफबाट न्याय परेन कि ? भन्ने धुकचुक रहनु हुँदैन भन्ने बारेमा मानवअधिकारका अध्यालेखहरूले पुनरावेदनको अधिकारलाई सारपूर्ण बनाएका छन्।

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**को धारा १४ को उपधारा ५ ले पुनरावेदनको अधिकारलाई प्रत्याभूत गर्दै भनेको छ :

> "अपराधमा सजाय ठेकिएका प्रत्येक व्यक्तिलाई कानुनअनुसार उच्चतर न्यायाधिकरणबाट निजको कसुरस्थापना र सजाय पुनरवलोकन गराउन पाउने अधिकार हुनेछ।"
>
> ***(अजर, २०६१ : २२)***

यो व्यवस्थाले के कुरा स्पष्ट गरेको छ भने कसुरको स्थापना र सजाय दुवैको पुनरवलोकनका लागि पुनरावेदनको अधिकार महत्त्वपूर्ण छ। यसले पुनरावेदनको माध्यमबाट भएको न्यायिक जाँचबाट कसुरस्थापना वा दोष कायम गरिएकै कुरा पनि उल्ट्याउने दाबी गर्ने अधिकार कसुरदारलाई हुन्छ भन्ने सिद्धान्त कायम गरेको छ।

यसै गरी सजायको न्यूनीकरणका लागि पुनरावेदनको अधिकारको प्रचलनशीलता औचित्यपूर्ण छ। सजायको पुनरवलोकनको तात्पर्य सो सजाय समानुपातिक छ छैन र सजाय कसुरदारको सुधारतर्फ लक्ष्यित हुने गरी सापेक्ष छ कि छैन भन्ने कुराको दोहोऱ्याएर गरिने निरूपण हो। यस अधिकारको कुरा गर्दा सोही अनुबन्धको धारा १५ को उपधारा १ को व्यवस्था मनन गर्न पनि आवश्यक छ। "फौजदारी कसुर भएका समयमा लागू रहेको भन्दा बढी सजाय पनि गरिनेछैन। कसुर गरेपश्चात्

कानुनद्वारा कम सजाय हुने व्यवस्था भएमा त्यसको सुविधा कसुरदारले पाउनेछ" (अजर, २०६१ : २२) भनेर सजायलाई न्यूनीकरण गर्ने दिशामा न्यायसम्पादन अभिमुख हुनुपर्ने सिद्धान्त कायम भएको देखिन्छ ।

नेपालको फौजदारी न्यायव्यवस्थामा पुनरावेदनको अधिकारलाई मूलभूत सिद्धान्तको रूपमा किटान गरिएको नभए पनि अदालतको संरचनामा नै पुनरावेदन तहको व्यवस्था गरिएबाट यस अधिकारलाई न्यायको आन्तरिक विषयवस्तुको रूपमा ग्रहण गरिएको छ। पुनरावेदनको अधिकारलाई प्रचलन गराउनमा नेपालमा निम्न संवैधानिक तथा कानुनी व्यवस्था क्रियाशील छन् :

**नेपाल अधिराज्यको संविधान २०४७**

**८५. नेपाल अधिराज्यका अदालतहरू**

(१) नेपाल अधिराज्यमा निम्न लिखित तीन तहका अदालतहरू हुनेछन् :

(क) सर्वोच्च अदालत;

(ख) पुनरावेदन अदालत; र

(ग) जिल्ला अदालत ।

(२) उपधारा (१) मा उल्लेख भएका अदालतहरूबाहेक कुनै खास किसिमका मुद्दाहरू हेर्न कानुनद्वारा खास किसिमका अदालत वा न्यायाधिकरणको स्थापना गर्न सकिनेछ ।

तर कुनै खास मुद्दाका लागि विशेष अदालत वा न्यायाधिकरण गठन गरिनेछैन ।

***स्रोत : (काकिव्यस,२०४७)***



**न्यायप्रशासन ऐन २०४८**

**८. पुनरावेदन अदालतको अधिकारक्षेत्र**

(१) पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्लाअदालत र प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दामामिलामा गरेको सुरू फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार हुनेछ ।

**९. सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने**

(१) पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ :

(क) पुनरावेदन अदालतले सुरु कारबाई र किनारा गरेको मुद्दा,

(ख) दस वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा, र

(ग) सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा ।

(२) सर्वोच्च अदालतमा साधक जाहेर भएको मुद्दामा पनि पुनरावेदन लाग्नेछ ।

***स्रोत : (पन्त र प्याकुरेल : ५६९)***

## मुलुकी ऐन २०२०

### अदालती बन्दोबस्तको

१९३. ॥ ॥ अड्डाबाट मुद्दा फैसला गरेपछि हाजिर रहेका झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नामसमेत बताई निजबाट सुनी पाएको व्यहोराको कागज गराई राख्नुपर्छ । झगडिया हाजिर नरहेकोमा सो फैसला भएको तीन दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमीलाई यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नामसमेत खुलाई सो झगडियाको नाममा म्याद जारी गर्नुपर्छ । पुनरावेदन लाग्ने मुद्दामा झगडिया रोहबरमा भई फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया रोहबरमा नभई म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले ३५ दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसलाउपर पुनरावेदन दिन पाउँछ, सो म्याद नागेपछि पुनरावेदन लाग्न सक्दैन ।

१९५. ॥ ॥ पुनरावेदन दिँदा जुन अड्डाले मुद्दा छिनेको छ उसको पुनरावेदन सुन्ने अड्डामा वा मुद्दा छिन्ने अड्डामा वा थुनिएको मानिसले आफू थुनिएको अड्डामा वा सरकारी कर्मचारीले आफू बहाल रहेको वा काज खटिएको इलाकाको नजिकमा त्यस किसिमको पुनरावदेन सुन्ने अड्डा भए सोही अड्डामा र त्यस्तो अड्डा नभए पुनरावेदन तहको मुद्दा सुन्ने अरू अड्डामा र सो पनि नभए मुद्दा हेर्ने अरू जुनसुकै अड्डामा पनि दिन हुन्छ ...।

***स्रोत : (पन्त र प्याकुरेल : १२८)***



यसरी नेपालमा पुनरावेदनको अधिकारलाई सामान्य व्यवस्था गरिए पनि नेपालका अन्य अनेक कानुनी प्रावधानमा फौजदारी मुद्दाकै हकमा पनि फरकफरक निकायमा पुनरावेदन लाग्ने व्यवस्था विद्यमान छन् । यी कुरालाई माथि उल्लिखित अनुबन्धको अभिप्रायबाट मार्गदर्शित गरी कानुनी सुधार गर्नुपर्ने खाँचो देखिन्छ किनभने अनुबन्धले स्पष्ट शब्दमा पुनरवलोकनको कार्य उच्चतरको न्यायाधिकरणबाट हुनुपर्ने गरी स्पष्ट गरेको छ ।

पुनरवलोकनसम्बन्धी नेपालको कानुनी व्यवस्थामा पुनरावेदन, पुनरवलोकन र मुद्दा दोहोऱ्याई पाउनेजस्ता व्यवस्था विद्यमान छन् । यसो भए पनि पुनरवलोकन र मुद्दा दोहोऱ्याई पाउने व्यवस्थाले पुनरावेदनको अधिकारभन्दा व्यापक व्यवस्था समेटेका नभई पुनरावलोकनको विकल्पमा विविधता मात्र प्रदान गरेका र तिनले पुनरवलोकनलाई सारवान अधिकारको मान्यता प्रदान गरेको अवस्था छैन ।

पुनरवलोकनको माध्यमबाट सजायको न्यूनीकरण गर्ने कुराको सारवान हक स्थापित गर्ने कुरामा नेपाल कानुन स्पष्ट हुन सकेको छैन । न्यायप्रशासन ऐन २०४८ को दफा १४ ले पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकारको व्यवस्था गरेको छ । जसअनुसार तल्लो अदालत, निकाय वा अधिकारीको निर्णय सदर, उल्टी वा केही उल्टी गर्ने अधिकार पुनरावेदन हेर्ने तहको अदालतबाट हुन सक्छ । यसै गरी सुरु अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश दिनमा पनि पुनरावेदन तहको अदालतलाई अधिकार रहने व्यवस्था भएकाले सजायको मात्रा घटाउन अदालतलाई अधिकार दिएको छ ।

मुलुकी ऐन २०२० को अदालती बन्दोबस्तको महलको १८८ नम्बरमा सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साधकका माध्यमबाट घटी सजाय गर्न न्यायाधीशलाई अधिकार प्रदान भएको पाइन्छ ।

उपर्युक्त कानुनी व्यवस्था भए पनि कसुरदार स्वयंले पुनरावेदनको माध्यमबाट भएको सजाय घटाउन माग गर्न सक्ने कानुनी व्यवस्था नेपालमा हुन सकेको छैन । समर्पण-अनुनय

(प्लिबार्गेनिङ) को अवधारणालाई नेपालको न्यायव्यवस्थाले वरण गरिनसकेको हुनाले सजायको न्यूनीकरणार्थ पुनरावेदनको अधिकार प्रदान हुन नसकेको अवस्था छ । यसर्थ यसबारेमा स्पष्ट नीतिगत तथा कानुनी व्यवस्थाको खाँचो अनुभव गरिएको छ ।

- **मानवोचित र मर्यादायुक्त सुधार तथा पुनःस्थापनाको अधिकार**

  सजायको मुख्य तात्पर्य कसुरदारको सुधार र समुदायको सदस्यका रूपमा सुधारिएको व्यक्तित्वको पुनः स्थापना हो। यस कारण कैदसजायलाई अन्तिम उपायको रूपमा अपनाउने र गैरहिरासतीय उपाय वा सजायलाई प्राथमिकता दिनुपर्ने कुरामा अन्तर्राष्ट्रिय मानवअधिकार अध्यालेखहरूले जोड दिएका छन्। दिइने सजाय अमानवीय प्रकृतिको हुनु हुँदैन र तिनबाट कसुरदारले मर्यादाको कदर गरिएर सुधार भएको अनुभव गर्न हुनुपर्छ। पुर्पक्षका क्रममा पनि सजायको अनुपातिकतालाई यही आलोकबाट हेरिन पर्ने हुनाले पुर्पक्षोत्तर चरणमा पनि यिनको कार्यान्वयन लक्ष्यअनुरूप भए नभएको कुराले अर्थ राख्छ।

  यस सम्बन्धमा **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**को धारा १० मा रहेका निम्न मूलभूत व्यवस्था विचारणीय छन् :

> १ स्वतन्त्रताबाट वञ्चित सबै व्यक्तिलाई मानवतासाथ र मानवव्यक्तिको अन्तर्निहित मर्यादाको आदरसाथ व्यवहार गरिनेछ ।
>
> २ (क) अभियोग लागेका व्यक्तिलाई अपवादजनक स्थितिमा बाहेक सजाय ठेकिएका व्यक्तिबाट अलग्ग राखिनेछ र सजाय नठेकिएका व्यक्तिसरहको तिनको हैसियतमिल्दो भिन्न व्यवहार गरिनेछ ।
>
> (ख) अभियोग लागेका अल्पवयस्कहरूलाई वयस्कबाट अलग्गै राखिनेछ र यथाशक्य चाँडो मुद्दाको किनारा लगाइनेछ ।
>
> ३ बन्दीगृहप्रणालीमा तिनीहरूको सुधार र सामाजिक पुनःस्थापनाको अत्यावश्यक लक्ष्य रहेको बन्दीहरूप्रतिको व्यवहार समेटिनेछ । अल्पवयस्क कसुरदारहरूलाई वयस्कहरूबाट अलग्याइनेछ र तिनको उमेर एवं कानुनी हैसियतसुहाउँदो व्यवहार गरिनेछ ।
>
> ***(अजर, २०६१ : १९)***



पुर्पक्षोत्तर चरणमा कसुरदारलाई गरिने व्यवहारलाई व्यवस्थित गर्न नेपालमा कारागार ऐन २०१९ र कारागार नियमावली २०२० कार्यान्वयनमा रहेका छन्। यिनका कतिपय प्रावधान र तिनको क्रियान्वयनको पक्ष अन्तर्राष्ट्रिय मापदण्डसँग सङ्गति राख्छन् भने कतिपय असङ्गत छन्। यसबारेमा लेखाजोखा हुन आवश्यक छ। यस सन्दर्भमा कानुनको प्रावधान र तिनको क्रियान्वयनको आकलन गर्ने पुनरवलोकनका क्रियाकलाप नेपालमा भएका छैनन्।

समानताको प्रश्नमा एउटा मामिलामा भने सर्वोच्च अदालतबाट मूल्याङ्कन भएर सिद्धान्त पनि कायम भएको छ। कारागारभित्र कैदीबन्दीलाई औकातका आधारमा भेदभाव गरी फरकफरक सरसुविधा दिने कार्यलाई अदालतले समानताको हकविपरीत हुने भनी असंवैधानिक घोषितसमेत गरेको छ। साबिक कारागार नियमावलीमा कैदीले पाउने सिधामा क र ख श्रेणी गरी दुई वर्गमा सिधासुविधालाई बाँडिएको थियो। सो व्यवस्था संविधानसँग बाझिएको भन्ने विषयको ***चन्द्रकान्त ज्ञवालीसमेत वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत***को मुद्दामा अदालतले यस्तो घोषणा गरेको छ।

> अदालतको फैसलाअन्तर्गत सजाय पाई कारागारमा रहेका कैदीहरूमध्ये शिक्षितलाई क श्रेणी र अशिक्षितलाई ख श्रेणीमा राख्नु सरसर्ती हेर्दा नै मुनासिब देखिँदैन। जसरी कानुनले शिक्षित-अशिक्षित भन्ने आधारमा नभई व्यक्तिको कसुरको आधारमा सजाय निर्धारण गर्दछ त्यसरी नै सजायस्वरूप कारागारभित्र रहेका कैदीहरूलाई शिक्षा वा रहनसहनका आधारमा तल्लो वा माथिल्लो श्रेणीमा वर्गीकरण गर्ने भन्ने कुरा मुनासिब देखिँदैन। कसुरका आधारमा सजाय पाएका सबैले समान रूपमा त्यसलाई भोग्नुपर्ने हुन्छ। शिक्षित वा ठूलो औकातमा बस्ने बानी पर्दैमा त्यसले छुट वा सुविधा पाउने भन्ने हुँदैन।
>
> ***स्रोतः (सेलर्ड, २०६० : ५०) बाट उद्धृत***

- **न्यायअपयोजनमा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार**

  फौजदारी न्यायको प्रक्रियाले कहिलेकाहीं प्रक्रियागत कारणले सजाय नपाउनुपर्नेले सजाय पाएर सताइने सम्भावना रहन्छ । राज्यको कामबाट यसरी सताइएको अवस्थामा त्यसलाई क्षतिपूर्तिका माध्यमबाट सन्तुलित गरी स्वच्छ पुर्पक्षको मापदण्डलाई अँगाल्नुपर्ने सिद्धान्त रहेको छ । यसैले न्याको अपयोजन अर्थात मिस क्यारिज अफ जस्टिस भएको अवस्थामा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार पुर्पक्षोत्तर चरणका ज्यादै महत्त्वपूर्ण अधिकार मानिएको छ ।

  **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध**को धारा १४ को उपधारा ६ मा निम्न व्यवस्था रहेको छ :

> अन्तिम निर्णयबाट कुनै व्यक्तिको फौजदारी कसुर स्थापित भैसकेको छ र तत्पश्चात् नयाँ वा नवीनोद्घाटित तथ्यले स्पष्टतः न्याय-अपयोजन (मिस क्यारिज अफ जस्टिस) भएको आधारमा निजको कसुर उल्ट्यो वा निजलाई क्षमादान भएमा, समयमै अज्ञात तथ्यको खुलासा नहुनमा पूरै वा आंशिक तवरले निजकै हात रहेको प्रमाणित नभएमा, सजायबाट सताइएको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ ।
>
> ***(अजर, २०६१ :२२ )***

नेपाल कानुनले न्यायको अपयोजन भएको अवस्थामा क्षतिपूर्ति दिने वा अन्यायको प्रतिपूर्ति केकसरी गराउने भन्ने बारेमा कुनै व्यवस्था हालसम्म गर्न सकेको छैन । यसर्थ यस दिशामा कानुनी, न्यायिक तथा प्रशासनिक उपाय विकास गर्न आवश्यक देखिन्छ ।



# सन्दर्भसूची


- अजर (२०६१), (रवीन्द्र भट्टराई (अनु.)); **फौजदारी न्यायसम्बन्धी मानवअधिकारको मापदण्ड**; काठमाडौँः न्याय तथा अधिकार वकालत मञ्च ।
- इन्सेक (१९९६ इ.सं); **मानवअधिकार वर्ष पुस्तक**; काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र ।
- इन्सेक (१९९५ इ.सं); **मानवअधिकार वर्ष पुस्तक**; काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र ।
- एआई (१९९८ इ.सं); **फेयर ट्रायल म्यानुअल**; लन्डनः एम्नेस्टी इन्टरनेसनल प्रकाशन ।
- एलसीएचआर (२०००इ.सं); **ह्वाट इज फेयर ट्रायल? ए बेसिक गाइड टु लिगल स्ट्यान्डर्ड्स एन्ड प्राक्टिस**; न्यु योर्कः ह्युमन राइट्स फर्स्ट (साबिक लयर्स कमिटी फर ह्युमन राइट्स) www.humanrightsfirst.org २००४ नोभेम्बर महिनामा अवलोकित ।
- खनाल, रेवतीरमण (२०५९); **नेपालको कानुनी इतिहासको रूपरेखा**; काठमाडौँः श्रीमती सरस्वती खनाल ।
- गार्नर, बीए (२००३ इ.सं) (सम्पा); **ब्लाक्स ल डिक्सनरी**; एसटी पाउल (युएसए): वेस्टब्रुक ।
- गौर, के. डी.(२००३ इ.सं.)(सं); **क्रिमिनल ल एन्ड क्रिमिनोलोजी**; न्यू दिल्लीः दीप एन्ड दीप पब्लिकेसन ।
- चौतारी (२०५३); **प्रहरीप्रशासनसँग सम्बन्धित ऐननियम केही विवेचना**; काठमाडौँ : चौतारी प्रकाशन ।
- भट्टराई, रवीन्द्र (२००१ इ.सं),(सम्पा.); **नेपालको दण्डप्रणालीः परिवर्तनका लागि विषयवस्तुहरू**; काठमाडौँः यातनापीडित सरोकार केन्द्र नेपाल ।
- काकिव्यस (२०५९); **मुलुकी ऐन**; काठमाडौँः श्री ५ को सरकार, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताबव्यवस्था समिति ।

- काकिव्यस (२०५३); **नेपाल ऐनसङ्ग्रह खण्ड १ २०५३**; काठमाडौंः श्री ५ को सरकार, कानुन तथा न्यायमन्त्रालय, कानुन कितावव्यवस्था समिति ।
- काकिव्यस (२०४७); **नेपाल अधिराज्यको संविधान २०४७**; काठमाडौंः श्री ५ को सरकार, कानुन तथा न्यायमन्त्रालय, कानुन कितावव्यवस्था समिति ।
- दिवान, पारस र दिवान, पियुसी (१९९८ इ.सं.); **ह्युमन राइट्स एन्ड द ल**; न्यू दिल्ली :दीप एन्ड दीप पब्लिकेसन ।
- नेकाप (२०५५); **नेपाल कानुन पत्रिका** (भाग ४०, २०५५ फागुन, अङ्क ११); काठमाडौं : सर्वोच्च अदालत ।
- नेकाप (२०५४); **नेपाल कानुन पत्रिका** (भाग ३९, २०५४ कात्तिक, अङ्क ७); काठमाडौं : सर्वोच्च अदालत ।
- नेकाप (२०१६); **नेपाल कानुन पत्रिका** (भाग २, २०१६ कात्तिक, अङ्क ७); काठमाडौं : सर्वोच्च अदालत ।
- पन्त, सोमराज र प्याकुरेल, माधव (मिति नखुलेको) (सम्पा.); **वर्णानुक्रमिक ऐनसँगालो (खुकुलो पत्र**); काठमाडौंः समन प्रकाशन ।
- पिलाई (२००२ इ.सं.); **क्रिमिनल प्रोसेड्युर**; न्यू दिल्ली/लखनउः इस्टर्न बुक कम्पनी
- पीआरआई (२००१ इ.सं); **मेकिङ स्ट्यान्डर्ड्स वर्क**; लन्डनः पेनल रिफर्म इन्टरनेसनल ।
- फाइन्ड ल (२००४); **यु.एस. सुप्रिम कोर्ट** मिरान्डा भी. एरिजोना, ३८४ यु.एस. ४३६ (१९९६); http:/news.findlaw.com/Modern Practice मा २००४ नोभेम्बर महिनामा अवलोकित ।
- राजपत्र (२०६१); **नेपाल राजपत्र** (खण्ड ५४, असोज २७ गते २०६१, अतिरिक्ताङ्क ३३); काठमाडौंः श्री ५ को सरकार, मुद्रण विभाग ।
- राजपत्र (२०६०); **नेपाल राजपत्र** (खण्ड ५३, मङ्सिर १ गते २०६०, सङ्ख्या ३१); काठमाडौंः श्री ५ को सरकार, मुद्रण विभाग ।
- सअ (२०५२); **सर्वोच्च अदालत बुलेटिन** (वर्ष ४ अङ्क १८ पुस २०५२); काठमाडौं : सर्वोच्च अदालत ।





- सअ (२०५१); **सर्वोच्च अदालत बुलेटिन** (वर्ष ३ अङ्क १५ मार्ग २०५१); काठमाडौं : सर्वोच्च अदालत ।
- सङ्ग्रौला, युवराज (२००३ इ.सं.); '**कम्प्लाइन्स अफ इन्टरनेसनल स्ट्यान्डर्ड्स इन नेपाल : क्रिटिकल एनालाइसिस अफ सिचुएसन अफ फेयर ट्रायल एन्ड सेफगार्ड्स अफ द राइट्स अफ एक्युज्ड इन नेपाल**' ***केएसएल जर्नल*** (नोभेम्बर २००३); भक्तपुरः काठमाडौं स्कुल अफ ल ।
- सेलर्ड (२०६०); **न्यायप्रशासनको कार्यमा संलग्न कर्मचारीका लागि मानवअधिकार दिग्दर्शन**; काठमाडौंः सेन्टर फर लिगल रिसर्च एन्ड रिसोर्स डेभलपमेन्ट ।
- सेलर्ड (२००३ इ.सं); **बेसलाइन सर्भे अन क्रिमिनल जस्टिस सिस्टम**; भक्तपुरः सेन्टर फर लिगल रिसर्च एन्ड रिसोर्स डेभलपमेन्ट ।
- सेलर्ड (२००२ इ.सं); **नेपालको सुरू न्यायिक प्रणालीसम्बन्धी अनुसन्धान प्रतिवेदन**; भक्तपुरः सेन्टर फर लिगल रिसर्च एन्ड रिसोर्स डेभलपमेन्ट ।
- स्याजबर्ग, ए. स्टिफेन (१९८८ इ.सं.); **अमेरिकन क्रिमिनल प्रोसेड्युर**; एसटी पाउल (युएसए)ः वेस्ट पब्लिसिङ कम्पनी ।
- www.unhchr.ch २००४ फेब्रुअरी र मार्च महिनामा अवलोकित ।